
जनकपुर टुडेको सम्पर्क नं.
९८०१६२६०२६,
९८०१६२६०२५
०४१५९०१०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २३ •अंक ९ •२०७७ साल जेठ १५ गते बिहिबार (28 May, Thursday, 2020) •पृष्ठ ८ •मूल्य रु ५।-

# राजपा ६ अध्यक्षका ६ थरी कुरा:अध्यक्ष यादव

**टुडे समाचारदाता**

जनकपुरधाम । पूर्व उपप्रधानमन्त्री एवं समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले राष्ट्रिय जनता पार्टी(राजपा)का ६ जना अध्यक्षबीच एकमत नरहेकाले पार्टी एकतामा जटिलता देखिएको बताएका छन् ।

अध्यक्ष यादवले बुधवार बीबीसी नेपाली सेवासितको वार्तामा राजपासित पार्टी एकता भूमिका खोजेपछि विवाद गहिरिएकोछ ।

नेताहरुबीच अधिकार बाँडफाँड र केन्द्रिय पदाधिकारी लगायतको टुंगो लगाउने बैठकमा राजपाको तर्फबाट राजेन्द्र महतोले ठाकुरलाई कार्यकारी भूमिका सहितको अध्यक्ष प्रस्ताव गरेपछि छलफल नै अबरुद्ध भएको थियो ।त्यस अघि दुवै दलले ठाकुरलाई मनार्थ, डा.बाबुराम भट्टराईलाई परिषदको अध्यक्ष र यादवलाई



आफूले प्रस्ताव गरेपछि समाजवादी दलले निर्णय दिन बाँकी रहेकाले एकीकरणमा ढिलाइ हुन थालेको राजपाका नेताहरुले आरोप लगाउन थालेका छन् ।तर अध्यक्ष यादवले भने, समस्या राजपाभित्र छ । 'छ जना अध्यक्ष भएको पार्टी न हो, राजापा । छ जना अध्यक्षको छ तिर कुरा छ' उनले भने, 'मुख्य समस्या त्यहाँ हो। त्यसमा एकरूपता हुने बित्तिकै टुङ्गो लाग्छ ।'

टुंगोमा नपुग्नुको कारण ६ जना अध्यक्षमा एकरूपता नदेखिनु हो । दुवै दलले वैशाख १० गते पार्टी एकताको घोषणागर्दै जनता समाजवादी पार्टीको प्रतिबद्धता पत्र निर्वाचन आयोगमा ११ गते दर्ता गराएका थिए ।

आयोगले दुवै दललाई एकिकरणको आवश्यक कागजातहरु पुरा गर्न दिएको ४५ दिनको समयसीमा सकिन अब ९ दिन मात्र बाँकी छ ।तर दुवै दलबीच 'शक्ति बाँडफाँड'मा कुरो अड्किएकोछ ।

'४५ दिनभित्र गर्ने कोसिस भइरहेको छ' अध्यक्ष यादवले भने, भएन भने ४६ औं दिनमा गरे पनि भइहाल्छ नि ।' 'मिल्नेलाई कसले रोक्छ ? फुट्नेलाई कसले रोक्छ र ' यादवले भने ।

महन्थ ठाकुरलाई सहमतिको क्रममा राजपाले मनार्थ अध्यक्षको रुपमा प्रस्ताव गरेको थियो ।तर अहिले ठाकुर कार्यकारी कार्यकारी अधिकार सहितको अध्यक्ष बनाउन सहमति भएको थियो ।

राजपाले नेता ठाकुरलाई अध्यक्षको रूपमा अघि सारेकोबारेमा आफूलाई जानकारी नभएको यादव बताउँछन् ।'बरू त्योभन्दा फरक प्रस्ताव राजपाको तर्फबाट आएकोछ ' उनले भने, महन्थजीलाई सम्मानित पद दिने प्रस्ताव आएको छ'

संरक्षक, संयोजक वा त्यस्तै केही मानार्थ पद दिने भन्ने प्रस्ताव राजपाका शीर्षस्थ नेताहरूबाटै आएको उनले बताए ।

आफूले प्रस्ताव गरेपछि समाजवादी दलले निर्णय दिन बाँकी रहेकाले एकीकरणमा ढिलाइ हुन थालेको राजपाका नेताहरुले आरोप लगाउन थालेका छन् ।तर अध्यक्ष यादवले भने, समस्या राजपाभित्र छ ।

'छ जना अध्यक्ष भएको पार्टी न हो, राजापा । छ जना अध्यक्षको छ तिर कुरा छ' उनले भने, 'मुख्य समस्या त्यहाँ हो। त्यसमा एकरूपता हुने बित्तिकै टुङ्गो लाग्छ ।'

पूर्वप्रधानमन्त्री बाबुराम भट्टराई समाजवादी दलको सङ्घीय परिषद्का अध्यक्ष छन्। एकीकृत दलमा महन्थ ठाकुरलाई मर्यादाक्रममा पहिलोमा राखिने सहमति भएको राजपा नेताहरूको भनाइ छ ।एकीकृत पार्टीमा भट्टराईलाई रोक्न यादव सक्रिय रहेको आरोपप्रति उनले भने, ' त्यो बेकारको कुरा हो । '

समाजवादी पार्टीमा भट्टराई आफूभन्दा माथिल्लो मर्यादामा रहेको उल्लेखगर्दै उनले भने, 'आफूहरू सबैले नेता भट्टराईलाई सम्मान गरिरहेको र कुनै टकराव रहेको छैन् ।'एकीकृत पार्टीमा नेता भट्टराईको स्थानबारे नेता उपेन्द्र यादवले भने, 'तत्कालका लागि उहाँ संघीय परिषद्मा नै रहनुहोला जस्तो छ ।'राजपाका नेताहरुले पनि भट्टराईलाई परिषद्को अध्यक्ष मान्न तयार रहेको बताउँछन् ।

जनता समाजवादी पार्टीमा दुई जना अध्यक्ष राख्न सकिने विषयमा छलफल भइरहेको राजपा अध्यक्ष मण्डल संयोजक शरतसिंह भण्डारीले बताउँदै आएपनि नेता यादवले भने, 'दुईजना अध्यक्ष हुँदैन, एकजना मात्र राख्ने कुरा चलिरहेको छ , व्यक्ति को हुने भन्ने फरक कुरा हो ।'पार्टी विधानको खाका बनाउने काम अहिले त्यही ढङ्गले अघि बढिरहेको उनले बताए ।

'व्यक्तिगत रूपमा आफू अध्यक्षको निम्ति त्यति इच्छुक छैन' उनले भने, पार्टी अध्यक्ष भइसकेको मान्छे उपाध्यक्ष वा सदस्य हुन सकिन्न भन्ने त छैन नि ।'

'पार्टीले निर्णय गरेर जिम्मेवारी दिने हो भने मात्रै हो, व्यक्तिगत रूपमा मलाई त्यति इच्छा छैन 'उनले भने, 'म त एउटा आन्दोलन, एउटा अभियानमा लागेको मान्छे हो ।'

पार्टी एकिकरणका लागि दुवै दलले केन्द्रिय सदस्यहरुको हस्ताक्षर संकलन गरिसकेका छन् ।विधान र घोषणा पत्रको कामपनि अन्तिम चरणमा पुगेको छ ।तर एकिकृत पार्टी जनता समाजवादीको कार्यकारी अध्यक्षमा ठाकुरले दृष्टि गडाएपछि निर्धारित समयमा निर्वाचन आयोगमा दर्ता हुने संभावना कमजोर बन्दै गएकोछ ।

# राती सीमा कट्न नपाउँदै भोकले युवकको मृत्यु

**टुडे समाचारदाता**

जनकपुरधाम । कोरोना भाइरस संक्रमणबाट जोगिन जारी लक डाउनमा आफ्नो घर खोजेका धनुषाका एक युवकलाई मृत्युवरण गर्नुपरेको छ । घर नआउँदै उनको मृत्यु भएको छ ।

चार महिनाअघि मात्रै रोजगारी गर्न भारतको गुजरात गएका सहीद नगरपालिका वडा नम्बर ९ का युवक घर फर्कने लाग्दा जटही सीमामा प्राण त्यागेका छन् । लामो समयदेखि भोकको सामना गरेका उनले बुधबार बिहान जटही सीमामै प्राण त्यागे ।



अप्ठ्यारोमा रहेको जनाउँ परिवारलाई गराए लगतै बिरेन्द्र गुरमेता यादवको भारतीय भूमिमा मृत्यु भयो । झण्डै महिना दिनदेखि उनी च्यूरा र भुजा मात्रै खान बाध्य भएका थिए ।प्रयाप्त पानी समेत पिउन नपाएका यादवको बेहोस भएर मृत्यु भएको बताइएकोछ ।

'एम्बुलेन्स लिई राति १ बजे जटही पुग्यौं' मृतकका भाई धिरेन्द्रले भने, 'तर रातभरि एम्बुलेन्सलाई दाजुभएतिर छिर्न दिइएन् ।'पैदलै जान खोजेपनि दाजु सम्म प्रहरीले पुग्न दिएन् ।'मेरो दाईको ज्यान लिने सुरक्षाकर्मीहरु नै हुन्' उनले भने, सीमामा अन्न र पानी बिना छट्पटिएका दाजुको ज्यान जोगाउन सकेनौं ।

मृतकको शवलाई नेपाली सेनाको टोलीले प्रादेशिक अस्पताल जनकपुरधाममा ल्याएको छ । ल्याउनेवित्तिकै उनको स्वाब संकलन गरिएको छ ।

युवकको मृत्युबाट आक्रोशित भएका नेपालीहरुले सुरक्षा घेरा तोड्दै नेपालमा प्रवेश गरे ।प्रहरीले बाटोमा नै उनीहरुलाई रोकेर बसबाट सम्बन्धित पालिकाहरुको क्वारेन्टाइनमा पुऱ्याएको थियो ।

# एक दिनमै १२९ थपिए, कोरोना संक्रमितको संख्या ९ सय नाघ्यो

**टुडे समाचारदाता**

काठमाण्डु । कोरोना भाइरस संक्रमितको संख्या एक दिनमै हाल सम्मकै सर्वाधिक १ सय २९ जना देखिएका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाए अनुसार अब नेपालमा कोरोना सङ्क्रमितको कुल संख्या ९ सय १ पुगेको छ।

मन्त्रालयमा बुधवार आयोजित नियमित पत्रकार सम्मेलनमा प्रवक्ता विकास देवकाटाले कूल सङ्क्रमितमध्ये ८ सय ५ पुरुष र ९६ जना महिला रहेको बताए । सङ्क्रमण पुष्टि भएकामा सप्तरीको बोदेबसाइन नगरपालिकाका ८, बालबिहुल गाउँपालिकाका २ र सुरुङ्गा नगरपालिकाका १ जना छन् ।

यसैगरि रौतहटको गढिमाई नगरपालिकाका ८ जना, सिरहाको सिद्धिचरण नगरपालिकाका १, सिरहा स्थायी ठेगाना भएका तर हाल सप्तरीको रुपनी बस्ने १, बाराको पर्चौता नगरपालिकाका ७, रौतहट स्थायी ठेगाना भई हाल बारामा रहेका १, रौतहटको गौर नगरपालिकाका ८, देवाही गोनाही नगरपालिकाका २, कटहरिया नगरपालिकाका २ र रौतहटकै अन्य स्थानका १६ जना छन् । पहिचान भएका सबै सक्रमित क्वारेन्टिमै रहेका प्रवक्ता देवकाटाले जनाए ।

मन्त्रालयका अनुसार झापाको गौरादह नगरपालिकाका २ , कचनकवल नगरपालिकाका १५ जना छन् । मकवानपुरको हेटौंडाका१,बागलुङकोतमानखोला गाउँपालिकाका ४ र बडिगाड गाउँपालिकाका २, रुकुमपूर्वको पुथाउत्तरगङ्गा गाउँपालिकाका ३, दाङको घोराही उपमहानगरपालिकाका ७ र लमही नगरपालिकाका ८, बाँकेको डुडुवा गाउँपालिकाका २ , राप्ती सोनारी गाउँपालिकाका ७, वैजनाथ गाउँपालिकाका ६ र खजुरा गाउँपालिकाका १ जना छन् ।

सबैभन्दा बढी सङ्क्रमित प्रदेश नं ५ का छन् । सो प्रदेशका ९ जिल्लामा ३ सय ६५ जनामा संक्रमण पुष्टि भएको छ । सबैभन्दा कम सुदूरपश्चिम प्रदेशका ५ जिल्लामा १७ जना सङ्क्रमित फेला परेको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

यसैगरी प्रदेश नं १ का ७ जिल्लामा १ सय ३, प्रदेश नं २ का ८ जिल्लामा ३ सय २५, वाग्मती प्रदेशका ११ जिल्लामा ३९, गण्डकी प्रदेशको ४ जिल्लामा १३ र कर्णाली प्रदेशको ३ जिल्लामा २५ सङ्क्रमित फेला परेका छन् । यससँगै कोरोना संक्रमित फेला परेको जिल्ला ४७ पुगेको छ ।







# प्रत्येक वडामा क्वारेन्टाइन स्थापना गर्न वडा अध्यक्षहरुको माग



**टुडे समाचारदाता**

जनकपुरधाम । प्रत्येक वडामा क्वारेन्टाइन स्थापना गर्न माग गर्दै जनकपुरधाम उप महानगरपालिकाका वडा अध्यक्षहरुले जिल्ला समन्वय समितिलाई ज्ञापन पत्र बुझाएका छन् ।

बिभिन्न वडाका अध्यक्षले सामूहिक रुपमै बुधबार वडा अध्यक्षलाई ज्ञापन बुझाएका हुन्। उनीहरुले महानगरपालिकाभित्र ५ सय बेडको क्वारेन्टाइन बनाउनुपर्ने र उप महानगरपालिकाका लागि मात्रै रियल टाइम पिसिआर मेसिन जडान गर्नुपर्ने माग राखेका छन् ।

यस्तै, जटही नाकाभित्र पालिकाका लागि आउनेलाई भोजन र यातायातको व्यवस्था गर्नुपर्नेमा पनि उनीहरुले जोड् दिएका छन्। यीमागहरु पूरा नभए रचनात्मक बिरोधका कार्यक्रम गर्ने चेतावनी पनि उनीहरुले दिएका छन्।

वडा नम्बर १ का अध्यक्ष शत्रुध्यन साह, वडा नम्बर ५ का अध्यक्ष मनोज साह, २ का अध्यक्ष शिबकुमार साह, २२ का अध्यक्ष शिबरत्न पाण्डे, वडा नम्बर ३ का अध्यक्ष दीपेन्द्र कुमार साह, वडा नम्बर ६ का अध्यक्ष जगरनाथ साह, वडा नम्बर ७ का अध्यक्ष जानकीराम साह, वडा नम्बर ९ का अध्यक्ष प्रमेश्वर साह, वडा नम्बर १० का अध्यक्ष मिथलेश कुमार कर्णसहितकाले ज्ञापन बुझाएका हुन्।

# नीति तथा कार्यक्रममा दलितको बिषय समेटन आग्रह

**टुडे समाचारदाता**

जनकपुरधाम। कोरोना भाइरस संक्रमण हुन नदिन लगाइएको लकडाउनले सबैभन्दा बढी प्रभावित दलित समुदायलाई राहतको व्यवस्था गर्न प्रदेश २ सरकारसँग माग गरिएको छ।

प्रदेशको आगामी नीति तथा कार्यक्रममै यो बिषय समेटिन दलित सरोकार मंचले माग गरेको छ। मंचले कोरोनाबाट सिर्जित भोकमरी, गरिबी र बेरोजगारीका लागि प्रदेश सरकारलेअल्पकालिन,मध्यकालिन र दिर्घकालिन नीति ल्याउन पनि आग्रह गरेको छ।

पारित भएको दलित सशक्तिकरण ऐन पूर्ण रूपमा कार्यान्वियन गर्न मुख्यमन्त्रीको अध्यक्षतामा गठन हुने जातीय विभेद तथा छुवाछूत अनुगमन समिति र दलित विकास समिति तत्काल गठन गर्न र प्रभावकारी सञ्चालनका लागि आवश्यक पर्ने पर्याप्त बजेट विनियोजन गर्न, छुवाछुत विभेदबारे गैर दलितहरुलाई पालिका तहमा अभियान संचालन गर्न पनि आग्रह गरिएको मंचका कार्यकारी निर्देशक भोला पासवानले जानकारी गराएका छन्।

पासवानले मुख्यमन्त्री लालबाबु राउतलाई आग्रह पत्र बुझाउँदै दलित सशक्तीकरण ऐन अनुसार प्रत्येक सरकारी एवं गैरसरकारी कार्यालय र संघ/संस्थामा अनिवार्य दलित कर्मचारीको व्यवस्थापन गर्न समेत आग्रह गरिएको बताए।

# होमियोपैथी औषधी वितरण गरिदै

**टुडे समाचारदाता**

जनकपुरधाम । कोरोना विरुद्धको अभियानमा जुटेको नेपाल राष्ट्रिय मारवाडी परिषद्ले बिहीबार(आज) होमियोपैथी औषधी वितरण गर्ने भएको छ।

जनकपुरस्थित मारवाडी सेवा समितिमा बिहान ११ बजेदेखि होमियोपैथी औषधी वितरण गर्ने कार्यक्रम रहेको छ।

मारवाडी सेवा समिति, मारवाडी महिला मञ्च र मारवाडी युवा मञ्च जनकपुरधामको संयुक्त आयोजनामा गरिने औषधी वितरण कार्यक्रममा सहभागी हुनेलाई सरकारले तोकेको मापदण्ड पुरा गर्नुपर्ने छ। औषधी लिन आउनेले मास्क प्रयोग गरेर सामाजिक दूरी कायम गर्दै कोरोना सम्बन्धी सम्पूर्ण सुरक्षा उपायहरू अपनाउन अपिल गरिएको छ ।

औषधिको परिमाण सीमित भएको हुँदा पहिले आउनेलाई प्राथमिकता दिइने आयोजकले जनाएको छ।

# ५ सय परिवारलाई सिलिन्डर सहित चुल्हो उपहार



**टुडे समाचारदाता**

गौर । रौतहटको फतुवा विजयपुर नगरपालिकाको वड़ा नम्बर १ मा प्रति परिवार ग्यास सिलिन्डर र चुल्हा वितरण गरिएको छ।

निर्वाचिन क्षेत्र नम्बर ३ का नेकपाका प्रतिनिधि सभा सदस्य पूर्व मन्त्री प्रभु साहले निर्वाचनको बेला जनता संग धुवाँरहित क्षेत्र बनाउने भनी गरिएको प्रतिवद्धता स्वरुप मौलापुर नगरपालिकाकी नगर प्रमुख रीना साहले ग्यास सिलिन्डर सहित चुल्हो वितरण गरिन।

स्थानीय वड़ा नम्बर १ अंतर्गत पर्ने घुसुकपुर, गम्हरिया र बांके टोलमा बसोबास गर्ने स्थानीयहरुलाई ग्यास चुल्हो उपलब्ध गराइएको वड़ा अध्यक्ष संजय साहले जानकारी गराएको छ।

करीव ५ सय परिवारलाइ सिलिन्डर र चुल्हो दिइएको हो। विश्व भरी महामारीको रुपमा फैलिएको कोरोना भाइरसको संक्रमणको कारण विश्व लगायत मुलुक लकडाउनको अवस्थाबाट गुज्रिरहेको बेला वितरण गरिएको सिलिन्डर र चुल्होबाट नगरबासीलाई राहत पुगेको मेयर साहको धारना रहेको छ।

संकटको बेलामा नगरबासी जनताको घरमा पुगेर सामाजिक दुरीको पालना गर्दै ग्यास सिलिन्डर र चुल्होवितरण गरिएको साहको भनाइ रहेको छ। नगर प्रमुख साहका अनुसार यसबाट महिलाहरुलाई बढ़ी सहयोग पुगेको छ । गर्भवती महिला तथा सुत्केरी भएकी महिलालाइ धुवाबाट पुग्न सक्ने स्वास्थ्य समस्याबाट जोगाउने मदत पुग्ने विश्वास उनले व्यक्त गरिन्।

ग्यास सिलिन्डर तथा चुल्हो वितरण कार्यक्रममा फतुवा विजयपुर नगरपालिकाका उपप्रमुख कान्ति देवी महतो , नेकपाका प्रदेश कमिटी सदस्य अमर साह , वड़ा नम्बर ३ का वड़ा अध्यक्ष दीपनारायण साह ,वड़ा नम्बर ४ का वड़ा अध्यक्ष ब्रह्म नारायण यादव लगायतको सहभागिता रहेको थियो।

यस्तै नगरप्रमुख साहले मौलापुर नगरपालिका वड़ा नम्बर ८ सोनरनिया निवासी मृतक रामाकान्त बैठाको परिवारलाइ भेटेर सहानुभूति प्रदान गर्नुको साथै राहत स्वरुप सहयोग उपलब्ध गराएका छन । जेष्ठ ११ गते आइतवार बेलुकीको समयमा हाबाहुरि सँगै परेको चट्यांगको कारण बैठाको मृत्यु भएको थियो।

घटनाको जानकारी हुन साथ घरमै पुगेकी मेयर साहले नगर २० हजार र ४० किलो चामल , ५ किलो दाल , लगायतका खाद्यान्न सामग्री सहयोग गरेको मौलापुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सिकिन्दर प्रसाद साहले जानकारी दिएका छन्।

# पचरौतामा थप ८ जनामा कोरोना पुष्टि

**सिकेन्द्र पासवान**

कलैया । बाराको पचरौता नगरपालिकामा बुधबार थप ८ जनामा कोरोना पुष्टि भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ। संक्रमित हुनेहरुमा पचरौता नगरपालिका वडा नम्बर २ को क्रमश २९,२६,३५, ३७ बर्षका पुरुस, वडा नम्बर ५ का १ जना ४० बर्षिय, वडा नम्बर ७ का १ जना ५० बर्षिय, वडा नम्बर १ का १ जना ३० बर्षिय र रौतहट जिल्ला माधवनगर नगरपालिका वडा नम्बर ५ निवासी ३५ बर्षिय स्वास्थ्यकर्मी पुरुस रहेको बाराका प्रमुख जिल्ला अधिकारी रुद्र प्रसाद पंडितले जानकारी दिए।

बैशाख ७ गते स्वास्थ्यकर्मी , सुरक्षकर्मी र कोरेन्टीनमा रहेको ५८ जनाको जाच गरिएकोमा मंगलवार ५ जनामा कोरोना पोजेटिभ आएको थियो भने ४४ जनाको निगेटिभ रिपोर्ट आएको थियो भने ९ जनामा शंकास्पद देखिएको थियो।

शंकास्पद देखिएको ९ जना मध्ये १ जनाको निगेटिभ र ८ जनामा पोजेटिभ देखिएको बारा प्रहरीका प्रवक्ता गौतम मिश्रले जानकारी दिए।

# सबै वडामा क्वारेन्टाइन बनाउने तयारी



**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिकाले सबै वडामा क्वारेन्टाइन खडा गर्ने भएको छ। गोपाल धर्मशालामा निर्माण गरेको क्वारेन्टाइन अपुग भएपछि सबै वडाहरुमा क्वारेन्टाइन बनाउन लागेको हो । उपमहानगरपालिकाको क्वारेन्टाइनमा दिनप्रतिदिन भारतबाट आएका नेपालीहरु थपिदैं जाँदा उपमहानगरले वडा वडामा क्वारेन्टाइन बनाउन लागेको हो।

प्रत्येक वडामा ५० बेडको क्वारेन्टाइन तत्काल बनाउने र पछि स्तरोन्नती गर्दै जाने उपमहानगपालिकाले जनाएको हो। गोपाल धर्मशालामा बनाइएको ५० वेडको क्वारेन्टाइनको स्तर १०० बेडको गरेपनि सिमापारी धेरै नेपालीहरु अलपत्र परेको भन्दै उपमहानगरपालिकाले यस्तो गर्न लागेको हो । मेयर लालकिशोर साहले सबै वडाध्यक्षहरु संग यस विषयमा छलफल अगाडी बढाएका छन्।

वडास्तरमा क्वारेन्टाइन बनाएपछि कुनै एक ठाउँमा परिरहेको भार पनि कम हुन्छ र यसले पारीबाट आएकाहरुलाईबस्नपनि सजिलो हुने उनले बताएका छन्। जनकपुरधाम उप-महानगरपालिकाको गोपाल धर्मशालामा रहेको क्वारेन्टाइनमा अहिले एक सय भन्दा बढी बस्दै आएका छन्।

वडास्तरमा बनाइने क्वारेन्टाइनको सम्पूर्ण खर्च उपमहानगरले व्यहोर्ने भएका छन् भने रेखदेख वडाध्यक्षहरुले गर्ने छ। सबै क्वारेन्टाइन ५० बेडको हुनेछ। क्वारेन्टाइनको स्तर उन्नती पनि थपिने संख्याको आधारमा गरिने छ । क्वारेन्टाइनमा एक्कै ठाउँमा सबैलाई राख्दा परीक्षण लगायतका अन्य सेवा सुविधामा समस्या पर्ने भएकाले पनि उनीहरुलाई अलगअलग राख्ने तयारी उपमहानगरले थालेका छन्।

जनकपुरधामउप-महानगरपालिकाले चेक जाँचमाभई रहेको ढिलाई लाई मध्यनजर गर्दै आफ्ने पीसिआर मेसिनल्याउने तयार समेत गरेको जानकारी दिइएको छ । वडा वडामा क्वारेन्टाइन बनाउनका लागि जनकपुरधाम उपमहानगरपालिकाका मेयर लालकिशोर साहले प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउत संग भेटघाट गरेका छन्।

# कोरोना लक्षण देखिएकी महिलाको शव व्यवस्थापन

राजविराज। होमक्वारेन्टिनमा मुत्यु भएकी सप्तरीको कञ्चनरूप नगरपालिका-११ गोरपारकी २४ वर्षीया महिलाको शवलाई व्यवस्थापन गरिएको छ।

कोरोनाको लक्षण देखिएकी गर्भवतीको चार जना परिवारका सदस्यको उपस्थितिमा कञ्चनरूपस्थित सुन्दरीखोलाभित्रको जङ्गलमा लगेर सतर्कताका साथ शव व्यवस्थापन गरिएको इलाका प्रहरी कार्यालय कञ्चनरूपका प्रहरी नायब उपरीक्षक मकेन्द्रकुमार मिश्रले जानकारी दिनुभयो।

सप्तरीको कञ्चनरूप नगरपालिकाले उपलब्ध गराएको व्यक्तिगत सुरक्षा सामग्री (पिपिइ) लगाएका परिवारका सदस्यले स्वास्थ्यकर्मीकोनिगरानीमाशवको दाहसंस्कार गरेका छन्। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले बनाएको 'कोभिड-१९ का कारण मृत्यु भएका व्यक्तिहरूको शव व्यवस्थापनसम्बन्धी संक्षिप्त कार्यविधि २०७६' बमोजिम पिपिइलगायत सुरक्षा सामग्री उपलब्ध गराएर सतर्कताका साथ शव व्यवस्थापन गरिएको नगरप्रमुख वसन्त मिश्रले बताउनुभयो।

कार्यविधिमा सकेसम्म अत्यन्तै नजिकको दाहसंस्कार गर्ने ठाउँमा छिटो शव व्यवस्थापन गर्नुपर्ने भएकाले स्वाब परीक्षणको रिपोर्ट प्रतिक्षा नगरी कोरोनाको लक्षण देखिएकी गर्भवतीको शव व्यवस्थापन गर्नुपरेको नगरप्रमुख मिश्रले बताउनुभयो । शव व्यवस्थापन अघि बसेको नगरस्तरीय कोरोना नियन्त्रणसमन्वयसमितिकोबैठकले दाससंस्कारमा संलग्न व्यक्तिलाई सेल्फ क्वारेन्टिनमा राख्ने र कन्टयाक्ट ट्रेसिङ टोलीलाई सम्पूर्ण व्यवस्थापन गर्ने जिम्मा दिइएको उहाँले जानकारी दिनुभयो।

अत्यधिक ज्वरो, खोकी र स्वासप्रस्वासमा समस्या देखिएकी गर्भवतीको मङ्गलबार घरमा मृत्यु भएको थियो । उहाँलाई १० दिनदेखि ज्वरो आइरहेको परिवारका सदस्यले बताउनुभयो। परिवारका सदस्यले गत बिहीबार राजविराज ल्याएर डा विनिता यादवको क्लिनिकमा गर्भ जाँच गराएका थिए ।रासस

# वृद्धको हत्या आरोपमा छोरा पक्राउ

मलगंवा । सर्लाहीको बसबरिया गाउँपालिकामा मंगलबारराति एक वृद्धको घरेलु धारिलो हतियार प्रहारबाट हत्या भएको छ । बसबरिया गाउँपालिका-५ धनगढा निवासी ७५ वर्षीय रामअधिन रायको धारिलो हतियार प्रहारबाट मृत्यु भएको सर्लाहीका प्रहरी प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक मदन कुँवरले जानकारी दिनुभयो । आफ्नै आँपको बगैंचामा सुतिरहेको अवस्थामा वृद्धको हत्या भएको उहाँले बताउनुभयो । घरेलु हतियारले वृद्धको टाउको र हातमा प्रहार गरी हत्या गरिएको छ।

बुबालाई हत्या गरेको आरोपमा मृतकका कान्छो छोरा ४० वर्षीय विनोद रायलाई प्रहरीले पक्राउ गरेको छ। आफ्नै घरमा खाटमुनि लुकेको अवस्थामा बुधबार बिहान विनोदलाई पक्राउ गरिएको बसबरिया गाउँपालिकाका अध्यक्ष रामअयोध्या रायले जानकारी दिनुभयो । जग्गा जमिनको विषयलाई लिएर आफ्नो कान्छो भाइ मदिरा सेवन गरेर पटक-पटक बुबालाई गाली बेइज्जती र कुटपिट गर्दै आएको मृतका जेठो छोरा रामविश्वास रायले जानकारी दिनुभयो।

घटनास्थलमा अहिले इलाका प्रहरी कार्यालय बरहथवाको टोली पुगेर शवलाई जिल्ला अस्पताल मलङ्गावमा शव परीक्षणका लागि लगिने तयारी भइरहेको गापा अध्यक्ष रायले जानकारी दिनुभयो। घटना सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको सर्लाहीका प्रहरी उपरीक्षक विश्वमणि पोखरलले जानकारी दिनुभयो ।रासस

# रुकुम घटनाको दोषीलाई कारबाहीको माग गर्दै प्रदर्शन




**टुडे समाचारदाता**

कलेया । रुकुम घटनाको निष्पक्ष छानमिन तथा दोषी उपर कारबाहीको माग गर्दै बाराको निजगढमा बुधवार बिरोध प्रदर्शन गरिएको छ । दलित अगुवा, निर्वाचित प्रतिनिधी, अधिकारकर्मीहरुको सहभागितामा सो बिरोध प्रदर्शन गरिएको हो।

जातिय छुवाछुत जस्तो कुरालाई लिएर नागरिकको ज्याने लिने सम्मको काम हुनु निन्दनिय काम भएको ती अगुवाहरुले बताएका छन् । निजगढको भमरा पुलबाट प्रदर्शन गर्दै बुद्धचोकमा गएर कोण सभामा परिणत भएको थियो ।

प्रदर्शन पछि आयोजित कोण सभालाई सम्बोधन गर्दै निजगढ वडा नम्वर ८ का वडा सदस्य प्रमिला सुनारले दलित माथिको बिभेद कुनैपनि हालथमा सँय नहुने कुरामा जोड दिइन् । घटनाको सत्य तथ्य छानमिन गरि दोषिलाई कडा भन्दा कडा सजाएको माग गरेका थिईन।

दलित महिला नेतृ सर्मिला बिश्वकर्माले दलित र गैर दलित बिचको भिन्तालाई सदाका लागि बन्द गर्नुपर्ने माँग गरिन्। पत्रकार उमेश सुनारले बिभेद बिरुद्धको लडाई हामी केहि दलितको मात्र नभाई नेपाल भरका ६० लाख दलितहरुको लडाई भएको बताए। रुकुम घटना जातिय मात्र नभई मानबिय बिरुद्धको समेत भएको बताउदै उनले यो घटनालाई राजनिति गन्धदिन केहि नेतृत्वहरु लागि परिरहेको भने।

जातिय बिभेद अन्त्य गर , कानुनलाई व्यवहारमा कायम गर, जातिय बिभेद अनत्य गर, मान्छे मार्न पाईदैन जस्ता नारा लगाउदे प्रदर्शन गरिएको थियो। निजगढका मछिन्द्र गहतराज, ईन्द्र बिश्वकर्मा सहित २ सय भन्दा बढि दलित युवाहरुको सहभागितामा सो प्रर्दशन गरिएको थियो।

## तपाईको आज

आचार्य पण्डित : श्री सन्तोष कु. पाण्डेय

| | |
|---|---|
| मेष | : धन बृद्धि सञ्चय। |
| बृष | : प्रेम प्रसंग, मित्र सुख। |
| मिथून | : सुख समृद्धि हुने। |
| कर्कट | : बौद्धिक क्षमता। |
| सिंह | : वाद विवादबाट बच्नु। |
| कन्या | : नयाँ कार्य हुने। |
| तुला | : पुरस्कार प्राप्त लाभ। |
| बृश्चिक | : प्रतिभा सम्पन्नता। |
| धनु | : अवसर प्राप्त। |
| मकर | : शिक्षामा उन्नति। |
| कूम्भ | : भ्रमण अवसर हुने। |
| मीन | : पारिवाहिक सुख। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५२००४४ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरतीसाँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# आगामी बजेटमा ऊर्जा : नदी डाइभर्सन र ठूला आयोजना प्रमुख प्राथमिकता

काठमाण्डु । आगामी आर्थिक वर्षको बजेटमा ऊर्जा, सिँचाइ तथा नदी पथान्तरण( डाइभर्सन) आयोजनालाई विशेष प्राथमिकतामा राखिएको छ । निर्माणका क्रममा रहेका आयोजनालाई सम्पन्न गर्ने र केही ठूला आयोजना शुरु गर्ने लक्ष्यसाथ सरकारले बजेट विनियोजन गर्न लागेको जनाएको छ ।




ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयलाई चालु आवको भन्दा झण्डै रु छ अर्ब कम हुने गरी रु ७५ अर्ब बराबरको बजेट सिलिङ तोकिएको छ । चालु आवमा कूल रु ८१ अर्ब बराबरको बजेट विनियोजन गरिएको छ। अर्थमन्त्री डा युवराज खतिवडाले बिहीबार अपराह्न ४ बजे सङ्घीय संसदको बैठकमा आगामी आवको बजेट पेश गर्ने कार्यक्रम छ । आगामी आवमा स्वदेशी लगानीमा निर्माण भइरहेको माथिल्लो तामाकोशीलगायतका केही महत्वपूर्ण आयोजना सम्पन्न हुने देखिएको छ ।

सरकारको नीति तथा कार्यक्रमका आधारमा केही महत्वपूर्ण र बहुउद्देश्यीय आयोजनालाई सरकारले विशेष ध्यान दिने भएको छ। लकडाउनका कारण केही निर्माणाधीन आयोजनामा समस्या परेको भएपनि त्यसलाई सम्पन्न गर्दै नयाँ परियोजना शुरु गर्ने लक्ष्यसाथ बजेट विनियोजन हुने विश्वास लिइएको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनले यसअघि केही महत्वपूर्ण र बहुउद्देश्यीय प्रकृतिका आयोजना सरकारको विशेष प्राथमिकतामा रहेको बताइसक्नुभएको छ । नीति तथा कार्यक्रमका आधारमा दूधकोशी, तामाकोशी पाँचौं, नलगाड, फुकोट, चैनपुर सेतीजस्ता आयोजना आगामी आवदेखि शुरु गर्ने लक्ष्य छ ।

मन्त्री पुनका अनुसार ती आयोजनाको अध्ययनसमेत सम्पन्न भइसकेको र निर्माणमा लैजान सकिने अवस्थामा रहेको जानकारी दिनुभयो । यस्तै, एक हजार २०० मेगावाट क्षमताको बूढीगण्डकी जलविद्युत् आयोजना निर्माण ढाँचा तय गरेर जाने सोचमा सरकार छ। सो आयोजना प्रभावितलाई मुआब्जा वितरणलगायतका काम भइरहेको छ। कोरोनाले मुआब्जा वितरणको काम प्रभावित छ । लगानी बोर्डले संयोजन गरिरहेको ७५० मेगावाट क्षमताको पश्चिम सेती र अर्को एसआर सिक्स नाम दिइएको आयोजना जोडेर झण्डै एक हजार २०० मेगावाट क्षमताको आयोजना निर्माण शुरु गर्ने तयारीमा सरकार जुटेको छ।

हरेक प्रदेश एक ठूला आयोजनाको अवधारणालाई अगाडि बढाइएको र नेपालको पानी जनताको लगानी भन्ने दीर्घकालीन लक्ष्यलाई सरकारले विशेष प्राथमिकतासाथ अगाडि बढाउने लक्ष्य राखेको छ ।

**पूर्ण विद्युतीकरण प्रमुख प्राथमिकतामा**

मन्त्रालयका अनुसार देशभरि विद्युत् सेवा पुर्‍याउने सरकारको लक्ष्यअनुसार आगामी आवमा वाग्मती, गण्डकी र प्रदेश नम्बर ५ लाई पूर्णरुपमा विद्युतीकरण गरिनेछ । चालु आवमा विद्युतीकरण सम्पन्न गरिने भनिएको प्रदेश नं २ लाई आगामी आव भित्रै तोकिएअनुसार काम सम्पन्न गरिनेछ।

कोरोनाका कारण चालु आवमा नै सो प्रदेशमा पूर्णरुपमा विद्युतीकरण गर्ने लक्ष्य राखिएको थियो । यस्तै कूल ४० जिल्लालाई चालु आवमा पूर्णरुपमा विद्युत् सेवा उपलब्ध गराउने लक्ष्य राखिएको थियो । कोरोनाले सरकारको लक्ष्य पूरा हुन कठिनाइ पैदा भएको छ। यस्तै प्रदेश नं १, कर्णाली र सुदूरपश्चिम प्रदेशमा आव २०७८/७९ भित्र पूर्णरुपमा विद्युतीकरण गरिनेछ । पूर्णरुपमा अँध्यारो अवस्थाका ९७ पालिकामा सौर्य प्रणाली जडानका लागि २०० वटा सौर्य मिनि ग्रीड निर्माणको काम आगामी आवमा शुरु गर्ने लक्ष्यसाथ मन्त्रालय अगाडि बढेको छ । वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमार्फत सो परियोजना अगाडि बढाउने योजना छ ।

**प्रसारण लाइनमा विशेष ध्यान**

मन्त्रालयका अनुसार आगामी आवभित्र विद्युत् प्रसारण तथा वितरण प्रणालीको विकास र विस्तारमा सरकारले विशेष ध्यान दिनेछ । निर्माणाधिन १३२ केभी क्षमतामा ८१ आयोजना आगामी आवभित्र सम्पन्न गर्ने लक्ष्य छ । ती आयोजना सम्पन्न भए विभिन्न आयोजनाबाट उत्पादित विद्युत् राष्ट्रिय प्रणारण प्रणालीमा जोड्न थप सहज हुनेछ । वितरणतर्फका ३३ केभी क्षमताका अधिकाशं आयोजना निर्माण सम्पन्न गर्ने लक्ष्य छ। त्यसमा केही आयोजना बहुवर्षीय प्रकृतिका छन् ।

चालु आवको र आगामी आवको बजेटसमेत ती आयोजनामा खर्च गर्ने गरी व्यवस्था गरिएको छ । यस्तै, ४०० केभी क्षमताको हेटौंडा, ढल्केबर, इनरुवा प्रसारण लाइनको काम आगामी आवमा सम्पन्न गर्ने लक्ष्यसाथ काम भइरहेको छ । केही स्थानमा वनको अवराधेका कारण काम अगाडि बढाउन समस्या पैदा भएको छ । दोस्रो अन्तरदेशीय प्रसारण लाइनको रुपमा रहेको न्यू बुटवल गोरखपुर ४०० केभी क्षमताको प्रसारण लाइन निर्माण शुरु गर्ने सरकारको लक्ष्य छ ।

**सिँचाइमा उत्तिकै ध्यान**

सरकारले कृषिउपजको उत्पादन बढाउन तराई मधेशका जिल्लामा विशेष गरी सिँचाइतर्फ विशेष ध्यान दिएको छ । सोही क्रममा समृद्ध तराई मधेश सिँचाइ कार्यक्रमअनुसार पाँच हजार स्यालो ट्युबेल र २४७ डिप बोरिङ जडान गर्नेछ । त्यसबाट कूल २२ हजार ३८० हेक्टरमा सिँचाइ सुविधा पुर्‍याउने लक्ष्य छ। एउटा स्यालो ट्युबेलले कूल २.५ हेक्टर र डिप बोरिङले ४० हेक्टरमा सिँचाइ गर्न मिल्छ । पहाडी क्षेत्रमा नदीबाट पानी तानेर सिँचाइ पुर्‍याउने कार्यक्रमलाई प्राथमकितामा राखिएको छ। प्राकृतिक तथा मानव निर्मित तालको पानीलाई सिँचाइमा प्रयोग गर्ने गरी व्यवस्था मिलाउने योजना छ।

**नदी पथान्तरणमा जोड**

ऊर्जा मन्त्रालयले विशेष गरी भेरी बबई डाइभर्सन आयोजनाको सफल उदाहरणका आधारमा केही नदी पथान्तरण आयोजनालाई अगाडि बढाइने भएको छ । ती मध्ये केही आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर) तयारीको क्रममा छन् । तमोर चिसाङ नदी पथान्तरण आयोजना प्रमुख प्राथमिकतामा छ।

सो आयोजनाबाट सुनसरी र झापाको एक लाख दुई हजार ८०० हेक्टरमा सिँचाइ सुविधा पुर्‍याउने र २९८ मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य छ । माडी दाङ नदी पथान्तरण आयोजना प्रमुख प्राथमिकतामा छ । सो आयोजनाबाट ४० हजार २०० हेक्टरमा सिँचाइ सुविधाका अलावा ९० मेगावाट विद्युत् उत्पादन गरिनेछ।

कालीगण्डकी तिनाउ डाइभर्सन आयोजना सरकारको प्राथमिकतामा छ। सो आयोजनाबाट एक लाख सात हजार ६०० हेक्टरमा सिँचाइ तथा १२७ मेगावाट विद्युत् उत्पादन हुनेछ। सुनकोशी मरिन डाइभर्सन आयोजनाको स्रोत सुनिश्चित गरी प्रारम्भिकरुपमा काम शुरु भइसकेको छ। इन्द्रवतीको पानी तानेर पाँचखालमा सिँचाइ सुविधा उपलब्ध गराउने लक्ष्यसाथ पाँचखाल मण्डन एकीकृत सिँचाइ परियोजनालाई सरकारले ध्यान दिएको छ । सो आयोजनाबाट एक हजार २६० हेक्टरमा सिँचाइ सुविधा उपलब्ध हुनेछ ।रासस

## दीपावली गरेर गणतन्त्र दिवस मनाउन अनुरोध

काठमाण्डु । गृहमन्त्रालयले तीन दिन दिपावली गरी गणतन्त्र दिवस मनाउन आम नागरिकमा अनुरोध गरेको छ।

मन्त्रालयले बुधबार एक विज्ञप्ति जारी गरी मन्त्रिपरिषद् को जेठ १२ को निर्णयअनुसार जेठ १४, १५ र १६ गते साँझ घरघरमा दीपावली गरेर गणतन्त्र दिवस मनाउन अनुरोध गरेको हो ।

मन्त्रालयले सङ्घ प्रदेश तथा स्थानीय तहका सम्पूर्ण सरकारी र गैरसरकारी कार्यालय, आम नागरिक एवं विदेशस्थित नेपाली दूतावास, नियोग तथा वाणिज्य दूतावासमा पनि तीन दिन साँझ दीपावली गरी गणतन्त्र दिवस बनाउन विज्ञप्तिमार्फत आग्रह गरेको छ ।रासस

# एसपीका अंगरक्षक र चालक कोरोना संक्रमित

**टुडे समाचारदाता**

लहान । सिरहाका प्रहरी प्रमुखका अंगरक्षक र चालकमा कोरोना संक्रमण पुष्टि भएको छ । जिल्ला प्रहरी कार्यालय प्रमुख एसपी उमाप्रसाद चतुर्वेदीका अङ्गरक्षक र चालकलाई कोरोना संक्रमण भएको प्रमुख जिल्ला अधिकारी सरोजराज गुरागाईंले पुष्टि गरेका हुन् । संक्रमित दुवै जनालाई सिरहा जिल्ला अस्पतालमा आइसोलेसनमा राखिएको छ।

अङ्गरक्षक र चालकको पिसिआर जाँच पोजिटिभ पाइएपछि एसपी चतुर्वेदी सेल्फ क्वारेन्टाइनमा छन् । सिरहाको चोहर्वामा रहेको श्री शेर गणमा जेष्ठको ५, ६ र ७ गते भएको स्वाव संकलनमा दुवै जना संलग्न भएका थिए । गणमा स्वाब संकलन गरिएका अन्य सुरक्षाकर्मीको पिसिआर टेष्ट भने नेगेटिभ आएको छ।

अझ पनि धेरै जनाको टेष्टको प्रतिवेदन आउन बाँकी रहेको प्रजिअ गुरागाईंले बताए । उनले भने, 'तत्काललाई संक्रमितको जनिकका सुरक्षाकर्मीहरूलाई सेल्फ क्वारेन्टाइनमा राखेर बाँकीबाट सुरक्षाको प्रवन्ध मिलाउँछौं ।'

उनले जिल्ला प्रहरी कर्यालयमा कार्यरत सबै प्रहरीको बिहीबार नै स्वाब संकलन गरी टेष्ट गरिने व्यवस्था मिलाएको पनि बताए । उनले भने, 'जिल्ला प्रहरीका कार्यरत र सम्वाभित प्रहरीको चाँडै स्वाव संकलन र जाँचको काम हुन्छ, यो घटनाले हामीलाई गम्भिर बनाएको छ ।'

सिरहामा योसँगै ८ जनामा कोरोना संक्रमण पुष्टि भएको छ। संक्रमित बढ्दै गएपछि मंलबार नै प्रमुख जिल्ला अधिकारी गुरागाईं, प्रहरी प्रमुख एसपी चतुर्वेदीसहित अधिकांश सुरक्षा अधिकृतहरूको पिसिआर परिक्षणका लागि स्वाब संकलन गरिएको थियो ।

प्रहरी प्रमुखके अङ्गारक्षक र चालकमा संक्रमण देखिएपछि जिल्लाका सवै प्रहरीहरुमा संक्रमणमा मनोवेज्ञानीक त्रास देखिएको छ । एक प्रहरी अधिकृतले एसपीसावसँग सबै प्रहरी अधिकृतसँग भेटघाट हुने गरेकाले एक प्रकारको मनोवेज्ञानिक त्रास हुन थालेको छ।

# सही पहिचान गरेर परीक्षण गरिएकाले धेरै सङ्क्रमित फेला परेको हो- सेना

काठमाण्डु । नेपाली सेनाले कोभिड-१९ रोकथाम, नियन्त्रण र प्रतिकार्यका लागि स्वास्थ्य, आपूर्ति, सुरक्षा र सूचनाको पाटोलाई थप प्रभावकारी रुपमा परिचालन गर्ने तयारी भइरहेको बताएको छ।

कोभिड १९ को जोखिम नियन्त्रणमा भइरहेको प्रयास र राष्ट्रिय गौरवको काठमाडौं-तराई मधेश द्रुतमार्ग आयोजनाको हालसम्मको प्रगतिबारे जानकारी दिन नेपाली सेनाद्धारा आज यहाँ आयोजित भर्चुअल पत्रकार सम्मेलनमा कोभिड-१९ नियन्त्रणका लागि सरोकारवालाबीच राष्ट्रिय एक्यबद्धता आवश्यक रहेको जानकारी दिइयो ।



कोभिड-१९ को सङ्क्रमण अहिलेसम्म काबु बाहिर नरहेको बताउँदै सेनानी नवीन फुयालले सम्भावित सङ्क्रमित व्यक्तिको सहि पहिचान र परीक्षण गरिएकाले थोरै परीक्षणबाट पनि धेरै सङ्क्रमित फेला परेको हो भन्नुभयो । उहाँले भन्नुभयो, परीक्षणको दायरालाई ठीक ढङ्गबाट अघि बढाइएको छ, अहिलेसम्म सङ्क्रमण काबु बाहिर गएको छैन, आगामी दिनमा बढ्न सक्ने सम्भावित जोखिमलाई दृष्टिगत गरी परीक्षण विस्तार लगायतका तयारी गरिएको छ।

सरकारले यसअघि नै परीक्षणको दायरा बढाएर कूल जनसंख्याको दुई प्रतिशत पुर्‍याउने घोषणा गरिसकेको छ । यसैबीच, सेनाले काठमाण्डु, तराई मधेश द्रुतमार्ग निर्माणको जिम्मेवारी समयसीमाभित्रै पूरा गर्न हालसम्मको लकडाउनबाट खासै असर नपर्ने जानकारी दिएको छ। उक्त आयोजनाका प्रमुख सहायकरथी शरदलाल श्रेष्ठले भन्नुभयो, कोभिड १९ का कारण आयोजनालाई सहजरुपमा अघि बढाउन केही चुनौती भए पनि अहिलेसम्मको लकडाउनले तोकिएको समय सीमाभित्र आयोजना पूरा गर्न खासै असर पुर्‍याएको छैन।

लकडाउन लम्बियो र अन्तराष्ट्रिय परामर्शदाता आउन कठिनाइ भएको खण्डमा भने समयमा आयोजना पूरा गर्न चुनौती हुनसक्ने बताउँदै उहाँले भन्नुभयो, यदि त्यो स्थिति आयो भने अरु विकल्प र कार्ययोजना बनाएर काम गरिने छ।

मुलुकको विकासको मेरुदण्डको रुपमा रहेको द्रुतमार्ग सबैभन्दा प्राथमिकतामा परेको राष्ट्रिय गौरवको आयोजना हो।

ललितपुरको खोकनादेखि निजगढसम्म करिब ७२ किलोमिटर लामो दूरीको उक्त सडक नेपाली सेनाको व्यवस्थापनमा आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न गर्ने लक्ष्य लिएको छ। पत्रकार सम्मेलनमा नेपाली सेनाका प्रवक्ता एवं सहायकरथी विज्ञानदेव पाण्डेले कोभिड १९ को नियन्त्रणका लागि राष्ट्रिय ऐक्यबद्धता आवश्यक भएको औंल्याउनुभयो।

उहाँले कोरोना १९ सँग सम्बन्धित चीनबाट खरिद गरिएको केही स्वास्थ्य सामग्री आइसकेको र बाँकी सामग्री केही दिनभित्र आइपुग्ने उहाँले जानकारी दिनुभयो ।रासस

# १८३ जनाले जिते कोरोना

काठमाण्डु । नेपालमा कूल १८३ जनाले कोरोनाको सङ्क्रमण जितेका छन् । विभिन्न अस्पतालको 'आइसोलेसन'मा उपचाररत उनीहरु कोरोनामुक्त भएर 'डिस्चार्ज' भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।



मन्त्रालयका अनुसार हालसम्म १४२ पुरुष र ४१ महिला अस्पतालबाट डिस्चार्ज भइसकेका छन् । पछिल्लो समयमात्रै थप २८ जना डिस्चार्ज भएको मन्त्रालयका प्रवक्ता डा विकास देवकोटाले जानकारी दिनुभयो। डिस्चार्ज हुनेमा सबैन्दा बढी प्रदेश नं २ का ९७ जना छन् । यस्तै प्रदेश नं १ का ३०, वागमती प्रदेशका ११, गण्डकी प्रदेशका दुई, प्रदेश नं ५ का ३८ र सुदूरपश्चिम प्रदेशका पाँच जना रहेका छन्।

पछिल्लो २४ घण्टामा देशको विभिन्न प्रयोगशालामा पिसिआर विधिमार्फत तीन हजार ५८० नमूना परीक्षण गरिएको छ।

त्यस्तै २४ घन्टामै आरडिटी विधिमार्फट दुई हजार ३२० नमूना परीक्षण गरिएको मन्त्रालयले जनाएको छ। सरकारले हालसम्म पिसिआर विधिमार्फत ५८ हजार २७७ र आरडिटी विधिद्वारा एक लाख २८७ जनाको परीक्षण गरेको छ।

देशभर बनाइएको क्वारेन्टिनमा हालसम्म ७० हजार ३०५ जना रहेका छन्। यस्तै विभिन्न अस्पतालको आइसोलेनसमा ६९९ जनाको उपचार भइरहेको छ । हालसम्म कोरोनाका कारण चार जनाले ज्यान गुमाएका छन् ।रासस

# न्यून आय भएकालाई शुल्क नलिन आदेश

काठमाण्डु । सर्वोच्च अदालतले गरिबको रेखामा रहेका र विदेशबाट फर्किएका न्यून आय भएका नागरिकलाई आरडिटी विधिबाट गरिने कोरोना सङ्क्रमणका लागि शुल्क नलिन आदेश दिएको छ।

न्यायाधीश तेजबहादुर केसीको इजलासले मङ्गलबार जारी गरेको आदेश आज सार्वजनिक गर्दै कोरोना भाइरसको सम्भावित जोखिमबाट बचाउन गरिने आरडिटी परीक्षणमा शुल्क नलिन आदेश जारी गरेको हो।

आदेशमा सामाजिक न्यायको दृष्टिकोणबाट वार्षिक दुई लाख ७० हजारभन्दा कम आय भएका, गरिबीको रेखामुनि भएका, देशको भूमि सीमाबाट लुकीछिपी र समूहगतरुपमा प्रवेश गरी कोरोनाको जोखिममा परेका समूहगत व्यक्ति, कुनै क्षेत्रका समूहका व्यक्ति र भारतबाहेकका तेस्रो मुलुकबाट आएका, कम आय भएका श्रमिकलाई स्वास्थ्य मन्त्रालयको निर्देशिका कार्यान्वियन नगरी यथास्थितिमा राख्नु भनिएको छ।

अन्य व्यक्तिको हकमा के कस्तो अवस्था र परिस्थिति र आधारमा उक्त नीति ल्याउन र कार्यान्वियन गर्न लागेको भन्ने विषयमा लिखित जवाफसहित यही जेठ १८ गते अदालतले दुवै पक्षलाई छलफलका लागि बोलाएको छ ।रासस

# तीन दिन मेघगर्जन, हावाहुरी सहित वर्षाको सम्भावना

काठमाण्डु । प्रिमनसुनको प्रभावले आगामी तीन दिन काठमाण्डु उपत्यकासहित देशको अधिकांश भूभागमा वर्षाको सम्भावना रहेको छ।

प्रिमनसुन सक्रिय भएकाले देशभर मेघगर्जन, हावाहुरी चट्याङसहित वर्षाको सम्भावना रहेको मौसमविद् राजु प्रधानाङ्गले बताउनुभयो । उहाँले भन्नुभयो, "प्रिमसुनको प्रवृत्ति दिनमा घाम लाग्ने र अपराह्न तथा साँझपख मेघगर्जनसहित क्षणिक वर्षा हुने गर्छ।"

अङ्ग्रेजी महिना मार्च, अप्रिल र मेसम्म तीन महिना प्रिमनसुन चल्ने भएकाले देशका पहाडी भूभागको मौसम अपराह्न तथा साँझपख लगातर प्रभावित भइरहने हुन्छ। आगामी तीन दिन अपराह्न तथा साँझपख मौसम बदली भई वर्षा हुने बताइएको छ। आकाशको बादल र वर्षालाई हेर्दा मनसुन सक्रिय भएको जस्तो लागे पनि यो मनसुन नभई प्रिमनसुनी गतिविधि रहेको मौसमविद्को भनाइ छ। सामान्यतया नेपालमा जुन १० देखि मनसुन शुरु हुने गर्छ।

मनसुन भित्रन्न अझै १३ दिन बाँकी रहेको छ । हाल देशको पहाडी भूभागमा आंशिक बदली रही बाँकी भूभागमा मौसम सामान्यतया सफा रहेको छ।

दिउँसो देशको पूर्वी भूभाग तथा मध्य पहाडी भूभागको केही स्थानका साथै पश्चिमी पहाडी भूभागका एक दुई स्थानमा मध्याह्नपछि मेघगर्जन, हावाहुरी चट्याङसहित वर्षाको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । राति देशको पूर्वी तथा मध्य भूभागमा केही स्थानका साथै पश्चिमी पहाडी भूभागका एक दुई स्थानमा मेघगर्जन, हावाहुरी चट्याङसहित वर्षाको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

बिहीबार देशको पश्चिमी भूभागका केही स्थान र मध्य तथा पूर्वी पहाडी भूभागका एक दुई स्थानमा मेघगर्जन, हावाहुरी चट्याङसहित वर्षाको सम्भावना रहेको महाशाखाले औंल्याएको छ । शुक्रबार देशको पहाडी भूभागमा सामान्य बदली रही बाँकी भूभागमा आंशिक बदली भई पूर्व र पश्चिमी भूभागका केही स्थानमा मेघगर्जन, हावाहुर ीसहित वर्षाको सम्भावना रहेको छ ।रासस

# उपत्यकामा अझै लुकीछिपी भित्रिन्छन् मानिस

काठमाण्डु । काठमाण्डु उपत्यका प्रवेशमा कडाइ गरेको बताइए पनि अझै लुकीछिपी तथा प्रहरीको आँखा छलेर आउने क्रम भने रोकिएको छैन। पास प्राप्त गाडीमा अनावश्यक व्यक्ति प्रवेश गर्ने गरेको र रातिको समयमा प्रहरीको जाँच कम हुने मौका छोपेर मानिस आउने गरेका छन्। प्रहरीले कडाइ गरेको बताए पनि त्यसरी छलेर आउने क्रम देखिएको उपत्यका नगरपालिका फोरमका सचिव मदनसुन्दर श्रेष्ठले जानकारी दिनुभयो।

पछिल्लो समयमा काठमाण्डु उपत्यकाको विभिन्न क्षेत्रमा कोभिड-१९ को सङ्क्रमण देखिएको छ । चन्द्रागिरि, टोखा, मैतीदेवी, बानेश्वर, कालीमाटीलगायत क्षेत्रमा बस्ने व्यत्तिमा कोभिड १९ देखिएको छ। मुलुकभर नै रोगको सङ्क्रमण दर बढ्दै जाँदा उपत्यकाको नाका सिल गर्ने कुरामा भने कुनै कञ्जुस्याइँ गर्न नहुने सचिव श्रेष्ठ बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, बन्दाबन्दीलाई आन्तरिकरुपमा केही खुकुलो बनाउने विषयमा हाम्रो सहमति हो तर नाकाको आवागमन भने पूर्ण निषेध गर्नैपर्छ, नत्र उपत्यकामा सङ्क्रमण दर धान्न गाह्रो हुनसक्छ।

सरकारले बन्दाबन्दीको अवधि लम्ब्याउँदै उपत्यका प्रवेशमा कडाइ गरेको जनाएको छ। गृहमन्त्रालयका प्रवक्ता केदारनाथ शर्मा उपत्यकामा हुने आवागमनमा थप कडाइ गरेको प्रष्ट्याउनु हुन्छ। सो निर्णयलाई ७५ वटै जिल्लामा परिपत्र गरेर पठाइसकिएको उहाँको भनाइ छ। मन्त्रालयले उक्त निर्णय कार्यान्वयनका लागि उपत्यकाका १८ वटै स्थानीय तहमा परिपत्र पनि पठाएको छ। उपत्यका प्रवेश गर्ने सबै नाका अत्यावश्यक प्रयोजनका लागिबाहेक पूर्णरुपमा सिल गर्ने र लुकीछिपी आउने क्रमलाई रोक्ने गृहको निर्णयमा उल्लेख छ। श्रेष्ठका अनुसार उक्त निर्णय अझै प्रभावकारी कार्यान्वियन हुन सकिरहेको छैन।

गृहमन्त्रालयले बन्दाबन्दी (लकडाउन) प्रभावकारी भए पनि विभिन्न बहाना बनाएर आवागमन हुने गरेकाले पूर्णरुपमा पालना हुन नसकेको निष्कर्ष निकाल्दै एक हप्ता अघि आवागमनमा अझै कडाइ गर्ने निर्णय गरेको थियो। समन्वयात्मक रुपमा काम गर्न भनिए पनि उपत्यकाको स्थानीय तह, प्रहरी र प्रशासनको समन्वयमा पनि कमि देखिएको छ।

पछिल्लो समयमा उपत्यका भित्रिने मानिसको अभिलेख राख्न थालिएको छ । गृहमन्त्रालयले स्थानीय तहको नेतृत्वमा प्रशासनको समन्वयमा लुकीछिपी प्रवेश गर्नेको खोजी गरी लगत सङ्कलन गर्ने निर्णय यसअघि गरेको थियो। स्थानीय तहसँगको समन्वयमा सबै सुरक्षा निकायले उपत्यका प्रवेश नाकाको जाँच र निगरानीमा थप कडाइ गर्ने भनिएको थियो तर नाकामा टिपोट गरेर अभिलेख राखिएको भए पनि ती मानिस कहाँ, किन र कसरी जान्छन् यकिन गर्न सकिएको छैन। आएका मानिस कुन स्थानीय तहमा गएर बसे भन्ने कुराको जानकारी नआएसम्म जोखिम कायम नै हुने मध्यपुरथिमी नगरपालिकाका प्रमुखसमेत रहनुभएका उपत्यका नगरपालिका फोरमका सचिव श्रेष्ठ बताउनुहुन्छ।


उपत्यकामा मानिसको प्रवेश हुँदा जनघनत्व बढ्छ। त्यसबाट रोगको सङ्क्रमण फैलियो भने नियन्त्रणमा समस्या पैदा हुन्छ । स्वास्थ्यकर्मी भारतीय सीमावर्ती क्षेत्रमा उपचारमा खटिएका बेला उपत्यकामा जोखिम बढ्यो भने त्यसले ठूलो असर गर्नेतर्फ बेलैमा ध्यान दिनुपर्ने बताउनुहुन्छ। रासस


## सुखीपुर नगरकार्यपालिको कार्यालय सुखीपुर सिरहाको हकदारी सम्वन्धि ३५ दिने सुचना

सिरहा जिल्ला अन्तर्गत संचालित तपसिलको विद्यालयले नियमानुसार स्थानान्तरण गरी संचालन गर्न अनुमति पाउँ भनी उक्तः विद्यालयका संचालक समितिले यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त विद्यालय उपर कसैको हकदावी वा लेनदेन वाँकी रहेमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सवुद सक्कल प्रमाण सहित यस सुखीपुर न.पा. को कार्यालयमा हक दावी गर्नहुन, अन्यथा नियमानुसार स्थानान्तर भई जाने व्यहोरा सम्बन्धित सबैको जानकारी को लागि यो सूचना प्रकाशन गरिएको छ।

| सि.नं. | विद्यालयको नाम | हालको ठेगाना | स्थानान्तर चाहेको ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | अक्षर पाठशाला सिरहा प्रा.लि. | मिर्चैया न.पा. ७, सिरहा | सुखीपुर न.पा. ७, सिरहा | |

शिक्षा अधिकृत



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# फेरी असारमै काम

धनुषा र महोत्तरी जिल्लाका प्रदेश सभासदस्यहरुले असारमै काम गर्ने भएका छन् ।माटो, ग्राभेल र पीसीसी ढलानको कामका लागि प्रदेश सभासद र पूर्वाधार विकास मन्त्रालयले पनि करोडो रुपैया उपभोक्ता समिति मार्फत माटो र ग्राभेलको कामका लागि दिएकोछ ।जेठ मसान्त सम्म उपभोक्त्ता समिति गठन हुने र असार महिनामा काम हुनेछ ।असारमा वर्षाको समय भएकाले माटोको काम सहज रुपमा हुन सक्देन् ।काम नै नगरि कागज तयार पारेर बजेट हजम गर्ने बाहेक केहि हुने छैन् ।अहिले माटो र ग्राभेलको काम गर्ने समय होइन् ।वर्ष भरी काम नै नगरि असार महिनामा विकास गर्ने प्रवृती धनुषा र महोत्तरीमा अन्य जिल्लाको तुलनामा बढी नै देखिएकोछ ।गत वर्षपनि असारको २८ गते सम्म योजना सम्झौतागरि ३० गते कार्य सम्पादन मुल्यांकन फारम भरेर भुक्तानी भएको थियो ।करिब ८६ करोडको भुक्तानी हुन बाँकीपनि छ ।प्रदेश सरकारले असारमा माटो पुरेर सडक बनाउने र ग्राभेल गर्ने नाममा अर्ब भन्दा बढी खर्च गर्ने तयारी गरेकोछ ।प्रदेश २ मा हाल सम्म ठोस काम हुन नसक्नुको प्रमुख कारणपनि यहि हो ।पञ्चायतकाल, बहुदलियकाल, कम्युनिष्टकालमा रहेको चलन अहिलेपनि हटेकोछैन् ।असार महिनामा कामको नाममा बजेट सिध्याउने बाहेक केहि होइन् ।प्रदेश सभासदस्य अथवा सोझै पूर्वाधार विकास मन्त्रालयले गर्न लागेको विकास होइन् ।वर्षभरि जोगाएर राखिएको रकम असारमा भ्त्वाम्म पार्नलाई मात्र हो ।प्रदेश सभासदस्यहरुलाई गत पुसमा नै रकमको अख्तियारी प्राप्त भइसकेको छ ।प्रत्यक्ष निर्वाचित प्रदेश सभासदस्यले ३ करोड र समानुपातिक सभासदले १ करोड रकम पाएका छन् ।त्यो बजेट उनीहरु स्वयंले आफ्नो विवेकबाट नै खर्च गर्नेछ ।अन्य जिल्लाहरुमा लकडाउन अगावैदेखि योजना सम्झौता भइ काम सुरुपनि भइसकेकोछ ।प्रदेश २ को ८ जिल्ला मध्ये सर्वाधिक गडबडी हुनेमा धनुषा र महोत्तरी नै हुन् ।समयमा काम नगर्ने र अन्तिम समयमा कामैनगरि रकम भुक्तानी लिने प्रवृतीलाई यसवर्षपनि मलजल गरिएकोछ ।अनियमितता हुने काममा सर्वदलीय सहमति हुने गरेकोछ ।सब भन्दा अचम्म त काम गर्नेले नै मुल्यांकन समेत गरेका छन् ।गत आर्थिक वर्षमा कामै नभएका योजनाहरुको समेत अनुगमनगरि काम भएको रिपोर्ट दिइएकोछ ।प्रदेश सरकारले विकृती रोकन तर्फ सचेत छैन् ।कमजोर सरकारले सत्ताटिकाइ राख्न विकृतीहरुलाई बढाउने गरेका छन् ।तर बलियो सरकारले नीतिगत रुपमा काम गरेर देशलाई अगाडी बढाउछ ।प्रदेश २ को सरकारले बक्योता रकम भुक्तानीका लागि मरिहत्ते गर्नुको कारण नै विकृती बढाउनु हो ।प्रदेश सरकारले अहिले विकृती बढाउन तिर अग्रसर छ ।कोरोना भाइरसबाट जोगिन बनाइएको क्वारेन्टाइनहरुको हालबेहाल छ ।तर दुई जिल्लामा मात्र ७४ करोड रुपैया भ्त्वाम्म पार्ने तयारी छ ।

# शिक्षक, विद्यार्थीलाई सिकाइसँग जोड्दै व्यस्त बनाउन जरुरी



रमेश प्रसाद लामिछाने

यतिखेर विश्व कोरोना महामारीबाट आतंकित छ। नेपाल पनि यसबाट अछुतो छैन । संक्रमितको संख्या दिन प्रतिदिन बढ्दो छ । परीक्षणको दायरा बढाएसँगै संक्रमितको संख्या अझै बढ्ने देखिएको छ । प्रयत्न धेरै भईरहेका समाचार सार्वजनिक भईरहे पनि यस विरुद्ध हाल सम्म कुनै निश्चित औषधि वा खोप तयार हुन सकिरहेको छैन । कोरोनाको जोखिमबाट बच्ने उपाय स्वरुप अपनाईएको लकडाउनले संसार नै एक प्रकारले ठप्प भएको छ । कतिपय देशले जोखिमको अवस्था विश्लेषण गरी लकडाउनका मोडेलमा क्रमशः परिवर्तन गर्दै गईरहेको पनि देखिन्छ ।

लकडाउनले मानिसहरुको दिन चर्या अस्तव्यस्त भएको छ। सबै क्षेत्र तहसनहस र ठप्प बनेका छन् । तमाम शिक्षण संस्थाहरु बन्द छन् । कूल जनसंख्याको एक तिहाई मानिसहरु विद्यार्थी र शिक्षक छन् भनिएको अवस्थामा उनीहरुको स्थितिको सम्बोधन व्यापक खट्केको विषय हो । बिजिनेस बिहिन शिक्षकहरु छटपटीमा दिन काटीरहेका छन् भने विद्यार्थीको पढाई र सिकाइ तथा परीक्षा अन्योलको पिडा कहालि लाग्दो बनेको छ । यो असामान्य स्थितिमा शिक्षक तथा विद्यार्थीलाई सिकाइसंग जोड्दै व्यस्त बनाउन जरुरी छ । यस आलेखमा तिनै धारणाहरु उजागर गर्ने प्रयत्न गरिएको छ ।

**१. प्रविधिको उपयोगबाट शिक्षण सिकाइको निरन्तरता**

शिक्षण सिकाइमा प्रविधि प्रयोगको चर्चा सर्वाधिक छ । यद्यपि हाम्रो विद्युत सेवा र ईण्टरनेटको पहुँच अत्यन्त सिमित र कमजोर रहेको यथार्थ हो । प्राकृतिक विपत्ति तथा शिक्षण संस्थाहरु बन्द रहेको हालको अवस्थामा प्रविधिको माध्यमबाट मात्र शिक्षण सिकाइ क्रियाकलापको निरन्तरता हुनसक्नेमा द्धिविधा छैन । यस अन्तर्गत निम्न कुराहरु पर्दछन् :

क. मोवाईल फोन र कम्प्युटर तथा ल्यापटपबाट ईण्टरनेटको उपयोग गरी एसएमएस, मेसेञ्जर, स्काईप, जुम मिट, गुगल मिट, आदि अत्याधुनिक एपहरुको माध्यमबाट शिक्षक तथा विद्यार्थी बीच सम्पर्क जोडि शिक्षण सिकाइलाई निरन्तरता दिन सकिन्छ ।

ख. रेडियो तथा टिभिबाट अडियो एवम् भिजुअल कक्षाहरु प्रशारण गर्न सकिन्छ । रेडियो शिक्षाको लामो अनुभव भएको हाम्रो सन्दर्भमा पछिल्ला वर्षहरुमा टेलिभिजनबाट प्रसारित शैक्षिक सामग्रीको लोकप्रियता बृद्धि भएको तथ्य स्विकार्नु पर्दछ । स्थानीय रेडियो तथा टिभिको तुलनामा केन्द्रिय प्रसारणका सामग्रीहरुमा स्वभाविक स्तरीयता पाईन्छ नै । यसले शिक्षामा प्रविधिको पहुँच विस्तारमा प्राथमिकता दिनुपर्ने सावित भएको छ ।

**२. सीप सिकाइ अभिवृद्धिमा प्राथमिकता**

हाम्रो आज सम्मको जोड सैद्धान्तिक शिक्षामा रहँदै आएको छ । शिक्षाको अर्थ ज्ञान मात्र नभई सीपको सिकाइ सँग पनि जोडिएको हुन्छ । सीप बिनाको शिक्षा अधुरो रहने तथ्यमा विज्ञहरु एक मत पाईन्छन् । व्यवहारिक, व्यवसायिक, प्रयोगात्मक र प्राविधिक शिक्षाको वकालत अधिक भैरहेको वर्तमानमा कार्यान्वियन प्रमुख सवाल हो । शिक्षालाई सीपसंग, सीपलाई श्रमसंग र श्रमलाई उत्पादनसंग जोडेर मात्र हामी समृद्ध बन्ने रोडम्याप स्पष्ट छ । हालको लकडाउनको विषम परिस्थितिमा निम्न सिपहरुमा सरोकारवर्गलाई आकर्षित गर्नु राम्रो हुन्छ ।

क. कृषि हाम्रो प्रमुख पेशा हो । विभिन्न जातका तरकारी सागपातहरु, मौसमी फलफूलहरु, नगदे बाली र अन्य अन्न बालीको उत्पादनमा हाम्रा शिक्षक र विद्यार्थीलाई सहभागी हुने वातावरण बनाउने पर्छ । जमिन र हावापानीको उपयुक्तता सहित सम्बन्धित विद्यार्थीको रुचीको कामलाई उत्पादनसंग जोड्ने पर्छ ।

ख. कृषिसंग पशुपालन त आईहाल्छ । स्थान, साधन र अन्य उपयुक्त अवस्थाको आधारमा माछा पालन, कुखुरा हाँस पालन, बाख्रा पालन, गाईभैंसी पालन जस्ता पशुपंक्षी पालन तर्फ विद्यार्थी शिक्षकलाई समावेश र सहभागि गराउने हो भने दूध मात्र नभै दुग्ध जन्य पदार्थ, अण्डा, माछामासु, आदिमा आत्मनिर्भर मात्र नभई आय आर्जनमा समेत राम्रो योगदान हुनेछ ।

ग. काठ, बाँस, फलामको उपयोगबाट निर्मित परम्परागत घरेलु सामग्रीहरुको अतिरिक्त आधुनिक फर्निचरहरु निर्माण गर्ने सीपसंग साना तथा मझौला उद्योगहरुमा विद्यार्थीलाई व्यक्तिगत र सामुहिक रुपमा रुची एवम् क्षमताको आधारमा सम्मिलित गराउँदा प्रभावकारी बन्न सक्छ ।

घ. माटो, ढुङ्गा, बालुवा, ईट्टा, सिमेण्ट, आदिको प्रयोगसँग जोडिएका परम्परागत एवम् आधुनिक सीपहरुका माध्यम बाट उत्पादन र निर्माणका कामहरुमा विद्यार्थीहरुको रुची तथा क्षमताका आधारमा सहभागी गराउन सकिन्छ ।

ङ. विद्युत वायरिङ्ग, प्लम्बिङ्ग, तथा साईकल, मोटरसाईकल, गाडीका वर्कसपहरु संगसंगै रेडियो, टिभि, कम्प्युटर मर्मतका सम्बन्धित सीप र कामहरुमा विद्यार्थीलाई जोड्दा सीप, उत्पादनसंगै आय आर्जनमा समेत सहयोग पुग्दछ ।

च. विद्यार्थीका रुची तथा क्षमताका आधारमा सिलाई बुनाई, कागजका कामहरु, रंगरोगनका कामहरु, बुट्टा बनाउने, चित्र बनाउने, सजावटका सामग्रीहरु निर्माण गर्ने, आदि सीपमा उनीहरुलाई जोड्नु राम्रो हुन्छ ।

**३. चुनौतिहरु**

क. विद्युत सेवाको सिमितता र अघोषित लोडसेडिङ्ग ।
ख. इण्टरनेट सेवाको झिनो पहुँच र दर्वलता ।
ग. प्राविधिक ज्ञान तथा सीपको समस्या ।
घ. विद्यार्थीको आर्थिक विपन्नता र आवश्यक सामग्रीहरुको अभाव ।
ङ. सम्बन्धित विषय विज्ञ एवम् प्रशिक्षकहरुको उपलब्धतामा कठिनता ।
च. आवश्यक र उपयुक्त स्थान, कोठा, जमिन, औजारहरुको उपलब्धतामा जटिलता ।
छ. उत्पादित वस्तुहरु एवम् सामग्रीको बजार व्यवस्था कमजोर र न्यूनता ।

**४. निष्कर्ष**

शिक्षामा प्रविधिको अधिकतम प्रयोग गर्नै पर्छ । विद्यूत सेवाको विस्तार र निरन्तरतामा कुनै पनि सम्झौता गरिनु हुन्न । सरकारले ईण्टरनेट सेवाको पहुँच विस्तारमा व्यापक हस्तक्षेप गर्नु जरुरी छ । विद्यार्थी तथा शिक्षकहरुका लागि यो निःशुल्क हुनु पर्छ । आवश्यक प्राविधिक तथा प्रशिक्षकहरुको व्यवस्थापनमा सरकारी संयन्त्रले जाँगर देखाउनु पर्छ । त्यस्तै सामग्रीहरुको उपलब्धता, स्थान, जमिन, वर्कसप, आदिको पर्याप्ततामा विशेष ध्यान दिने पर्छ ।

निःशुल्क पाठ्यपुस्तकको रकम, छात्रवृत्तिको रकम लगायतका बजेट खर्च उल्लेखित शिर्षकमा लगानी गर्दा प्रभावकारी बन्न सक्छ । हालजस्तो असामान्य अवस्थाको लागि मात्र नभै भोलि पर्न सक्ने सम्भाव्य कहालि लाग्दा र भयानक विपत्तिका समय समेतको स्थितिलाई आँकलन गरी हाम्रो शिक्षा प्रणालीलाई डिजिटल शिक्षा व्यवस्थामा प्रवेश गर्नुको विकल्प छैन ।

साथै सीपमूलक एवम् व्यवसायिक तथा प्राविधिक शिक्षा हाम्रो शिक्षाको मूलधार बनाउन बिलम्व भैसकेको छ । व्यवसाय तथा सीपको प्रयोगबाट उत्पादित वस्तु तथा सामग्रीहरुको बजार व्यवस्थापनमा जिम्मेवार अंगको ध्यान जाने पर्छ । अलि आर्थिक भार पर्ने सीप तथा व्यवसायका लागि सरकारी लगानी नै जरुरी हुन्छ ।

तिनवटै सरकारका शैक्षिक संयन्त्रहरुको क्रियाशिलतामा मात्र शिक्षाको वास्तविक रुपान्तरण सम्भव हुने हो । उल्लेखित कामका लागि सरकारले कुल बजेटको कम्तिमा पनि बीस प्रतिशत बजेट विनियोजन मार्फत प्रोत्साहन र उत्साह श्रृजना गरेर शिक्षामा नयाँ युगको प्रारम्भ हुने अपेक्षा गर्न सकिन्छ ।

लामिछाने मकवानपुर हेटौंडा स्थित वंश गोपाल माविका प्रधानाध्यापक हुन् ।

# लकडाउन खुकुलो पार्दै गर्दा पूर्वी एशियाका देशहरूबाट सिक्नुपर्ने पाठ

■ईभा अन्टेभेरोस

**बीबीसी विश्व सेवा**

विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यूएचओ) ले नयाँ कोरोनाभाइरस मानिसहरूसँगै रहने बताउँदै यसलाई नियन्त्रणमा राख्न 'ठूला प्रयास' आवश्यक हुने जनाएको छ।

कोरोनाभाइरस सङ्क्रमणको दोस्रो लहर हुन्छ कि हुँदैन भनेर अब प्रश्न गर्नुपर्ने अवस्था रहेन। बरु त्यो कहिले र कति भयानक हुन्छ भन्ने प्रश्न प्रमुख मानिएको छ।

जीवशास्त्री डा. जेनिफर रोनले एशिया महादेशमा कोभिड(१९ महामारीको विकासक्रम र त्यसको विश्वव्यापी विस्तारको शैलीलाई नियालिरहेकी छन्।

विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यूएचओ) ले नयाँ कोरोनाभाइरस मानिसहरूसँगै रहने बताउँदै यसलाई नियन्त्रणमा राख्न 'ठूला प्रयास' आवश्यक हुने जनाएको छायस महामारीसँग सङ्घर्ष गर्न प्रभावकारी रणनीति लिएका एशियाका दक्षिण कोरिया, जापान हुन् वा युरोपका जर्मनीमा प्रतिबन्धहरू हटाइएपछि सङ्क्रमण फेरि बढेको देखिएको छ।

ती देशमा परीक्षण, सङ्क्रमितको पहिचान र लकडाउन व्यवस्थापनमा गरिएको कामलाई थुप्रैले अनुकरणीय मानेका थिए।

संसारभरि सरकारहरूले भाइरसको सम्भावित दोस्रो लहरसँग सङ्घर्ष गर्ने तयारी गरिरहेका छन्। धेरैको ध्यान यतिखेर पूर्वी एशियामा छ।

पूर्वी एसियाको अवस्था अनुगमन गरिरहेका डब्ल्यूएचओका विज्ञहरूका अनुसार त्यस क्षेत्रले बाँकी विश्वलाई दिने सन्देश 'प्रत्येक सङ्क्रमित व्यक्ति खोज्नुपर्ने, उनीहरूलाई अलग्गै राख्ने, परीक्षण र स्याहार गर्नुपर्ने हो।'प्रत्येक सङ्क्रमितसँग सम्पर्कमा आएका सबै व्यक्ति पहिचान गर्दै उनीहरूलाई क्वारन्टीनमा राख्नुपर्ने कामलाई त्यसैगरी महत्त्वपूर्ण मानिएको छ।

डा. रोन यूनिभर्सिटी कलेज लन्डनका भाइरस र कोशिकाविज्ञ हुन्।एशियाबाट सङ्कलित विवरणको अध्ययन गरेकी उनी भन्छिन्: "दोस्रो लहरसँग सङ्घर्ष गर्ने एक मात्र उपाय भनेको व्यापक परीक्षण, पहिचान र क्वारन्टीन गर्नु हो।"उदाहरणका लागि दक्षिण कोरिया कुनै बेला कोभिड(१९ को केन्द्रबिन्दु थियो। तर सुरुमै सरकारले धेरै परीक्षण गर्यो ।

यस रणनीतिले स्थानीय रूपमा चेतावनी दिन सकिने र आवश्यक पर्दा निश्चित क्षेत्र मात्र लकडाउन गर्न सकिने प्रणालीको विकास गर्न सम्भव भएको डा. रोन ठान्छिन्।यसको प्रभावकारिता हालै अचानक एकै ठाउँका धेरैमा सङ्क्रमण देखिएपछि पुष्टि भयो।

लामो समय देशभित्रै उत्पन्न भएका सङ्क्रमण नदेखिए पनि मे महिनाको सुरुमा सङ्क्रमण पाइएपछि यसै प्रणालीका कारण त्यसको सम्बन्ध सोलको एउटा चर्चित रात्रिक्लबसँग जोडिन पुग्यो।दोस्रो पाठ भनेको चीन, जापान र दक्षिण कोरियाजस्ता देशबाट तथ्याङ्क लिएर तिनको विश्लेषण गर्नु हो।

तथ्याङ्कका विश्लेषण र अध्ययनहरूले भाइरसको व्यवहार बुझ्न सकिने विज्ञहरूले बताएका छन्।

लन्डन स्कूल अफ इकनमिक्सका स्वास्थ्य अर्थतन्त्रसम्बन्धी विषय प्राध्यापन गर्ने अलिस्टर म्याक्गुरी भन्छन्, "हामीलाई सङ्क्रमणदेखि सन्चो हुँदासम्म लाग्ने समयबारे केही कुरा थाहा छ। तर सम्पर्कमा आएका कति जनामा सर्छ भन्नेबारे अझै धेरै जान्न बाँकी छ।"

दक्षिण कोरियाको काम प्रभावकारी हुनुलाई उसको तीव्र गतिको परीक्षण, पहिचान र क्वारन्टीन नीतिको भूमिका रहेको बताइन्छ

त्यसपछिको पाठ भनेको राम्रो भएको लकडाउन हटेपछिको अवस्थामा 'धेरै आशावादी' नहुनु हो। लकडाउन सफल हुनको कुनै क्षेत्र कोरोनाभाइरसमुक्त भयो भन्ने हुँदैन।

स्वास्थ्यविज्ञहरूले दोहोर्याइरहेको एउटा साधारण सन्देश यस्तो छ: डा. रोनकै भनाइमा "परीक्षणको काम निकै महत्त्वपूर्ण छ भन्ने एशियाबाट थाहा पाइएको छ।"

उनले भनिन, "दक्षिण कोरियाको काम प्रभावकारी हुनु भनेको उसको तीव्र गतिको परीक्षण, पहिचान र क्वारन्टीन नीति हो।"

सुरुमा दक्षिण कोरियामा सङ्क्रमणको सर्‍या एक्कासि उकालो लाग्यो।तर त्यहाँ एक दिनमै १०,००० जनाको परीक्षण गर्ने प्रणाली फेब्रुअरी महिनामै तयार गरियो।सन् २०१५ मा मर्स प्रकोप देखिँदाको अनुभव यतिखेर दक्षिण कोरियालाई उपयोगी बनेको थियो।

धेरै जनामा जाँच गर्ने नीति जर्मनीले पनि लियो। त्यसैले उसले त्यसो नगरेका ब्रिटेन वा स्पेनमा भन्दा

"परीक्षणको काम निकै महत्त्वपूर्ण छ भन्ने एशियाबाट थाहा पाइएको छ।"

तर त्यतिमात्र होइन: एसियाबाट लिइएका तथ्याङ्कमा दोहोरो परीक्षणको महत्त्व समेत देखिन्छ। अब आउने भाइरस सङ्क्रमणका लहरमा धेरै परीक्षण र सङ्क्रमितको संसर्गमा आएका अन्य व्यक्तिको पहिचान नगरेका देशहरूसँग तथ्याङ्कका अभावमा महामारीसँग सङ्घर्ष गर्ने वास्तविक उपायको कमी देखिन सक्छ।

जनस्वास्थ्य सेवाले आफ्नै अनुभवबाट समेत धेरै कुराहरू सिक्न सक्ने प्राध्यापक जुडिट भल बताउँछन्।

युनिभर्सिटाट डि बार्सिलोनामा अर्थशास्त्र प्राध्यापन गर्ने भलले यस भाइरससँग स्वास्थ्य प्रणालीहरू कसरी सङ्घर्ष गर्दैछन् भन्ने अध्ययन गरिरहेका छन्।

चीनले भाइरस सुरुमा देखा परेको वुहान सहरमा एक हजार शय्याको अस्पताल आठ दिनभित्रै बनायो।

त्यसले आपत्कालीन अस्पतालका लागि कसरी योजना बनाउँदै काम गर्ने भन्ने बाटो देखायो।

"विश्वभरिका अस्पतालहरूले यतिखेर धेरैकुरा अरूबाट मात्र होइन, आफैँबाट पि सिकेका छन्," प्राध्यापक भलले भने।

"जसले गर्दा आउँदा लहरमा उनीहरू त्यससँग सङ्घर्ष गर्न अझ बलियो अवस्थामा हुनेछन्।"

धेरै सङ्क्रामक रोगहरूको विस्तार र नियन्त्रणबारे अध्ययन तथा अनुसन्धान गरेका विज्ञहरू कोरोनाभाइरस 'लहर'का रूपमा फैलिने कुरा थाहा पाइसकेका छन्।

डा. रोन भन्छिन, "तर हामी त त्यस्ता लहरलाई रोक्दै संसर्ग हुन नदिने उपाय खोजिरहेका छौँ। नत्र त हामीले एउटा निकै विध्वंशको अवस्था खेप्नुपर्छ।"

"हामीले प्रतिबन्धहरू हटाएपछि सङ्क्रमणको पुनरुदय हुन्छ। नयाँ भाइरस देखिएर जनसर्‍यामा त्यसको लागि प्रतिरोधात्मक क्षमता विकास नहुँदासम्म यस्तै हुन्छ," उनले भनिन्।

# लकडाउनका दुई महिना : फितलो तयारी, बढ्दै जोखिम



डा लोकेन्द्रसिंह थापा

कोरोना भाइरस (कोभिड(१९) को महामारीले यतिखेर नेपाल मात्र नभई विश्व नै आक्रान्त छ। यो रोग विश्वको लागि नै एक नौलो रोग मात्र नभई नौलो चुनौती पनि हो।

आजका दिनसम्म यो रोगबारे जति जानकारी बाहिर आएको छ, त्यो अझै अपूर्ण छ. त्यसैले यो रोगले यस्तै गर्ने छ, यो रोग लागेमा यस्तै लक्षण देखिने छन्, यो रोग यसरी मात्र एकबाट आर्कोमा सर्ने छ भनेर एकिन वा ठोकुवा गर्न सकिने अवस्था अझै भइसकेको छैन।

कोभिड(१९ ले विभिन्न देसमा भिन्न(भिन्न किसिमका लक्षण देखाइरहेको छ। जस्तैः अमेरिका र भारतमा यो रोग नेपालको भन्दा घातक र केही अर्थमा फरक छ। नेपालमा हालसम्म देखिएको कोभिड(१९ त्यति घातक देखिएको छैन तर आगामी दिनमा भित्रिने कोभिड(१९ अन्य देशमा देखिए जस्तो घातक नहोला भन्न सकिन्न।

आजसम्मको जानकारी अनुसार यो रोगको कारणले हुनसक्ने धन(जनको क्षति न्यूनीकरणका लागि नेपाल सरकारले चालेका कदमहरु सराहनीय छन् र अझै पनि जनताको आत्मबल बढाउनुका साथै सुरक्षाका लागि उपलब्ध सबै स्रोत(साधनहरुको उपयोगभन्दा पनि सदुपयोगमा ध्यान दिन जरुरी छ।

लकडाउन कुनै रोगको उपचार वा रोगलाई समाप्त गर्ने उपाय होइन। कुनै पनि संक्रामक रोग भित्रिसकेपछि लकडाउन त केवल रोगको संक्रमण दर कम वा ढिला गर्न समय सापटी लिने मात्र हो। त्यो सापटी लिएको समयमा रोग विरुद्ध लड्ने संयन्त्रहरुको चौतर्फी विकास र उचित व्यवस्थापन गरेर तयारी अवस्थामा बस्ने हो। तर हामीकहाँ भने लकडाउनलाई प्रभावकारी बनाउन सकिएको छैन।

पहुँच भएकाहरुले पास लिने र स्वतन्त्र रुपमा ओहोर(दोहोर गर्नेहरुको संख्या पनि ठूलै छ। परिणाम स्वरुप संक्रामक रोगको व्यवस्थापनलाई थप चुनौतीपूर्ण बनाउँदै छन्। संक्रामक रोग भित्रिसकेपछि त्यो रोग फैलिने निश्चित छ, कुरो ढिलो वा चाँडोको मात्र हो। लकडाउनले नेपाललाई समय दिएकै हो तर नेपाल सरकारले त्यो समयको अधिकतम सदुपयोग गर्न सकेको दिखिँदैन।

नेपालमा संघीयता आउनुअघिदेखि नै सरकारी स्तरमा काम गर्ने स्वास्थ्यकर्मी त्यसमा पनि विशेषगरी चिकित्सकको अभाव थियो। संघीयतासँगै स्वास्थ्यकर्मीको झने अभाव भयो। सुदूरपश्चिम प्रदेसमा मात्र सरदर ९५ प्रतिशत चिकित्सकको दरबन्दी रिक्त छ र अधिकांश स्थानमा करारका चिकित्सकले सेवा दिइरहेका छन्। दिन प्रतिदिन कोभिड(१९ का बिरामी थपिंदै छन्। तर नेपाल सरकार विश्वलाई नै धरासायी बनाइरहेको रोगसँग लड्न अझै करारमा चिकित्सक चाहन्छ।

अधिकांश देशले र्यापिड डाइग्नोस्टिक टेस्ट (आरडिटी) को विश्वसनीयता शंकास्पद भएको कारणले प्रयोग बन्द गर्दै छन् तर नेपाल सरकारको त्यसैमा जोड छ। कोभिड(१९ को संक्रमण भएरनभएको जाँच गर्ने अहिलेको परिस्थितिमा एक मात्र उपाय पिसिआर टेस्ट हो। नेपालमा यही परीक्षण गर्ने उपकरण र परीक्षणको गति साह्रै न्यून छ। कोभिड(१९ सम्बन्धी जानकारी तथा सचेतनाको कमी सर्वसाधारणमा मात्र होइन, स्वास्थ्यकर्मीमा समेत न्यून छ।

नेपालका अधिकांश युवा जनशक्ति भारत लगायत विभिन्न देशमा रोजगारीमा छन् र अहिले त्यो जनशक्तिलाई नेपाल भित्र्याउनुपर्ने अवस्था छ, जुन निकै चुनौतीपूर्ण छ। धेरै देशमा संक्रमण फैलिसकेको छ र उक्त जनशक्ति बिनातयारी नेपाल भित्र्याउँदा संक्रमण पनि भित्रिने सम्भावना धेरै छ।

अझै पनि धेरै ढिला भइसकेको छैन, अहिले नै हरेस खाइहाल्नु पर्ने भएको छैन, अझै गर्न सकिने धेरै छ। तर सकारात्मक इच्छाशक्ति हुनुपर्यो, परिणाममुखी सोच र पाइला हुनुपर्यो। नेपाल सरकारको गति र इच्छाशक्तिमा कमी(कमजोरी देखिएका छन्। कुनै पनि उच्च पदमा आसिन कर्मचारी वा नेता हुने बितिक्कै सर्वज्ञ भइहालिन्छ वा सर्वज्ञ हुनुपर्छ भन्ने भ्रमको मानसिकता यो रोग नियन्त्रणमा ठूलो बाधक बनेको छ।

अहिले विश्वका विकसित राष्ट्रहरुलाई पनि यस रोगसँग लड्न हम्मे परेको अवस्थामा नेपाल जस्तो मुलकमा झनै गाह्रो छ। अमेरिका जस्तो विकसित देशले त सबै बिरामीलाई भेन्टिलेटररआइसियु सहितको सुविधा दिन नसक्ने अवस्थामा छ भने नेपालको सन्दर्भमा यो विषय सोचनीय र चिन्ताजनक छ।

दिनानुदिन कोभिड(१९ का बिरामीको संख्या थपिँदै छ। अब पनि नेपाल सरकारले चाँडै उपयुक्त कदम उठाउन नसकेमा नेपालमा भयावह स्थिति आउने सम्भावना उच्च छ।

संघीय र प्रदेश स्तरमा कोभिड(१९ रोकथाम तथा नियन्त्रण समितिमा कम्तीमा ६० देखि ७० प्रतिशत विषय(विज्ञ राख्ने पर्छ। संक्रामक रोग जानकार वा विज्ञ हुन कम्तीमा पनि दस वर्ष सम्बन्धित विषय अध्ययन गर्नुपर्छ तर नेपाल सरकारका उच्च पदासीन नेता तथा कर्मचारीहरु त्यो दस वर्ष भन्दा बढी समय लगाएर आर्जेको ज्ञान केही घण्टामै आफूभित्र लिएर विज्ञ बन्न खोज्नुहुन्छ। के त्यो सबै ज्ञान केही घण्टाको बैठकमा लिन(दिन सम्भव छ? सम्भव छ भने विज्ञ हुन स्वास्थ्य क्षेत्रमा स्नातक र स्नातकोत्तर तह वा माथिको अध्ययनमा लाग्ने समयावधि र पाठ्यक्रम पनि घटाऔं, सम्भव छैन भने विषय(विज्ञ नै राखौं।

स्वास्थ्य सेवा अन्तर्गत विशेषगरी चिकित्सकका सबै रिक्त पदहरु कुनै द्रुत मार्गबाट यथाशीघ्र पदपूर्ति गर्नुपर्छ। कोभिड(१९ को बिरामी उपचार गर्ने क्रममा स्वास्थ्यकर्मीलाई पनि आइसोलेसनमा राख्नुपर्ने हुनसक्छ, त्यसैले पर्याप्त मात्रामा स्वास्थ्यकर्मी हुन आवश्यक छ।

नेपाल सरकारले अनिवार्य छात्रवृत्ति करार समयावधि समाप्त भइसकेकाहरुलाई पनि ज्यान जोखिममा पारी काम गर्न बाध्य पारिरहेको छ। के लोकतान्त्रिक प्रणालीमा यस्तो गर्न पाइन्छ? के यसरी बाध्य पारिहाल्नुपर्ने अवस्था (संकटकाल) भइसकेको हो र? के नेपाल सरकारसँग अन्य विकल्प नभएकै हो? अर्काको आङको जुम्रा देख्नेले आफ्नो आङको भैंसी देख्दैन भनेझैं छात्रवृति करार सेवा पूरा गरिसकेकालाई नेपाल सरकारले उहाँहरुको देशप्रतिको कर्तव्य हो भनी काम गर्न दबाब दिदैं छ। तर दुई(तीन वर्षदेखि स्वास्थ्य क्षेत्रका रिक्त पदहरु पूर्ति गर्नुपर्छ भन्ने कर्तव्य(वोध नै छैन।

विभिन्न कारणवस विदेशिएका नागरिकलाई नेपाल भित्र्याउनुको विकल्प छैन तर भित्र्याउनुपूर्व सबैका लागि क्वारेनटाइन र परीक्षणको व्यवस्था गर्न जरुरी छ। अहिले सीमा बाहिर रहेका नेपालीलाई भित्र्याउने सबैतिर पहल भएको छैन तर दिन(दिनै लुकि(छिपी हजारौंको संख्यामा नेपाल भित्रिने क्रम जारी छ। यसरी लुकि(छिपी भित्रिँदा संक्रमण भित्रिएर फैलिने पक्का छ। त्यसैले यथाशीघ्र सीमापारि रहेका नेपालीलाई नेपाल भित्र्याएर सीमामै क्वारेनटाइनमा राखेर व्यवस्थापन गर्न जरुरी छ।

गाउँपालिका र नगरपालिकामा पहुँच भएकाहरु क्वारेन्टाइनमा नबसी सिधै घर जान्छन् भन्ने समाचार बेला(बेलामा आइरहन्छन्। त्यसैले सीमामै वा सीमा नजिक क्वारेनटाइनमा राख्दा क्वारेनटाइन अझै प्रभावकारी हुने पो थियो कि?

# कोरोना सङ्क्रमितलाई वर्गीकरण गरेर उपचार गरिने

विराटनगर । कोरोना सङ्क्रमितलाई वर्गीकरण गरेर उपचार गरिने भएको छ । प्रदेश नं १ मा कोरोना भाइरसको लक्षण देखिएकालाई कोभिड अस्पताल र रिपोर्ट पोजेटिभ आएकालाई आइसोलेसन केन्द्रमा राखेर उपचार गर्ने तयारी शुरु गरेको प्रदेश सरकारले जनाएको छ।

सरकारले बिरामीलाई वर्गीकरण गरेर उपचार गर्ने तयार िसँगै ४५० शय्या (बेड) को आइसोलेसन उपचार केन्द्र निर्माणकार्यलाई तीव्र पारेको छ। कोरोना सङ्क्रमित वृद्धि भएसँगै उनीहरूको वर्गीकरण गरेर उपचार गर्ने तयारी शुरु गरिएको छ। प्रदेशमा यसअघि कोभिड-१९ उपचार केन्द्रका रूपमा विराटनगर र सुनसरीको धरानमा सञ्चालन गरिसकेको छ । यस्तै मेची अस्पतालमा पनि कोरोना सङ्क्रमितको उपचारका लागि अस्पताल तयार शुरु गरिँदैछ।

सामाजिक विकासमन्त्री जीवन घिमिरेले प्रदेश सरकारले पूर्वाञ्चल विश्वविद्यालय मोरङको गोठगाउँ, भापाको दमक, सुनसरीको वराहक्षेत्र र नेपाली सेनाको पूर्वी पृतना इटहरीमा गरी ४५० बेडको आइसोलेसन उपचार केन्द्र तयार गर्ने काम भइरहेको जानकारी दिनुभयो । स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री भानुभक्त ढकाल र सातै प्रदेशका सामाजिक विकास मन्त्रीको मङ्गलबार भएको अनलाइन संवादमा मन्त्री घिमिरेले सो जानकारी दिनुभएको हो।

प्रदेशमा कोरोना सङ्क्रमितको उपचारलाई वर्गीकरण गर्ने तयारी गरिएको उहाँले बताउनुभयो । मन्त्री घिमिरेले भन्नुभयो, "कोरोना लक्षण देखिएकालाई अस्पतालमा र रिपोर्ट पोजेटिभ आएकालाई आइसोलेसन उपचार केन्द्रमा राखिनेछ । सङ्क्रमितको उपचार वर्गीकरण गरेर गर्ने गरी आवश्यक मार्गदर्शन र निर्देशिका प्रदेश सरकारले तयार गरिसकेको उहाँले बताउनुभयो । प्रदेशमा पुल विधिबाट कोरोना परीक्षणको काम शुरु भएको जानकारी दिँदै परीक्षणको क्षमता बढेसँगै आवश्यक सामग्रीको भने अभाव भएको उहाँले स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री ढकालको ध्यानाकर्षण गराउनुभएको थियो।

प्रदेशमा जेठ र असार भित्रमा ७० हजारको पिसीआर परीक्षण गर्ने गरी सरकारले काम गरिरहेको मन्त्री घिमिरेको जानकारी दिनुभयो । उहाँले ४० हजार प्रदेशवासी र ३० हजार भारतबाट आउनेको परीक्षण गर्ने तयारी शुरु गरिएको र पिसीआर परीक्षणको क्षमता बढाएसँगै किट अभाव भएको बताउनुभयो । प्रदेशमा कन्टयाक्ट ट्रेसिङ, टेष्टिङ र ट्रिटमेन्ट गर्ने टिम अलर्ट रहेको मन्त्री घिमिरे बताउँदै कोरोना सङ्क्रमितको उपचार कोभिड अस्पतालबाट केन्द्रित गर्दा सरकारी अस्पतालले नियमित सेवा दिन सकेको उहाँले बताउनुभयो ।रासस

# एकसातामै १३ हजार नागरिक कर्णाली छिरे: व्यवस्थापन गर्न सकस

सुर्खेत । यतिबेला कर्णाली प्रदेश प्रवेश गर्ने नागरिकको दिनहुँ बबई सीमामा भीड लागिरहेको छ।

ती भीडलाई व्यवस्थापन गर्न कर्णाली प्रदेश सरकारलाई निकै सकस भएको छ। प्रदेश नं. ५ को जमुनाह र सुदूरपश्चिम प्रदेशको गड्डाचौकी, गौरीफन्टा सीमा नाकाबाट दैनिक हजारौँको सङ्ख्यामा नागरिक बबई पुग्दा स्वास्थ्य जाँच तथा खानपिनमा समस्या भएको छ।

भारतका विभिन्न सीमानाकादेखि दैनिक हजारौँ नागरिक नेपाल छिर्ने र त्यसमा अधिकांश मान्छे कर्णालीको बबई पुग्न थालेपछि कर्णाली प्रदेश सरकारलाई थेग्न हम्मे हम्मे भएको छ। बबई नाकामा ठूलो सङ्ख्यामा नागरिक पुग्दा स्वास्थ्यकर्मीलाई आरडिटी गर्न गाह्रो भएको छ । यो समस्या देखिएपछि अहिले प्रदेश सरकारले सम्बन्धित गाउँपालिकामै नागरिक जान दिइएको र उनीहरूलाई त्यहीं जाँचेर गरी आरडिटी उपलब्ध गराइएको सामाजिक विकासमन्त्री दल रावलले जानकारी दिनुभयो।

"हामीले २० देखि २३ हजार कर्णालीवासी नेपाल आउँछन् भन्ने अनुमान गरेका थियौँ", उहाँले भन्नुभयो, "यद्यपि अनुमानित सङ्ख्याभन्दा बढी नागरिक भित्रिने देखियो ।" एकैपटक चार हजारभन्दा बढी नागरिक गाडीको हुल बनाएर आउन थालेपछि केही बबई र केही सम्बन्धित स्थानीय तहमै आरडिटी जाँच गर्ने तवरबाट प्रदेश सरकार लागिरहेको मन्त्री रावलले बताउनुभयो । यता जिल्ला प्रहरी कार्यालय सुर्खेतका सूचना अधिकारी एवं प्रहरी निरीक्षक गोपाल रायमाझीले जेठ १ गतेयता कर्णाली प्रदेशमा ७० हजार ६० नागरिक प्रवेश गरेको बताउनुभयो । "एक साताभित्र कर्णाली छिर्ने नागरिकको सङ्ख्या १३ हजार ८६ छ", उहाँले भन्नुभयो, "जेठ १०-१३ गतेभित्र मात्र ११ हजार ५६९ नागरिक कर्णाली आएका छन्। तीमध्ये १२ गतेमात्र चार हजार २९७ नागरिक कर्णाली प्रवेश गरेका छन् ।"

**भारतबाट स्वदेश फर्कने नागरिक अधिकांश कर्णालीकै भएकाले यहाँ आउने नागरिकको सङ्ख्या अझ बढ्ने देखिन्छ । बाहिरबाट आउने नागरिकका कारण कर्णालीमा कोरोनाको जोखिम बढेको चिकित्सकले बताउँदै आएका छन् । भारतबाट भित्रिनेहरूको स्वाब सङ्कलनका लागि कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लाबाट चिकित्सक टोली दैलेख पठाउने तयारी भइरहेको प्रतिष्ठानका शिक्षाध्यक्ष डा निरेश थापाले जानकारी दिनुभयो ।**

भारतबाट कर्णाली फर्कने सन्दर्भमा बढी दैलेखका साढे ६ हजार नागरिक फर्के उहाँले बताउनुभयो । दैलेख जिल्ला प्रशासन कार्यालयका अनुसार भारतबाट दैलेख आउने नागरिकको सङ्ख्या ४२ हजार छ । सूचना अधिकारी रायमाझीका अनुसार कर्णाली प्रदेशको डोल्पा जिल्लामा भने भारतबाट आउने नागरिकको सङ्ख्या शून्य रहेको छ।

भारतले रेल बुकिङ सेवा शुरु गरेयता यहाँ नागरिकको सङ्ख्या ह्वात्तै बढेको छ। दैनिक भारतबाट कर्णाली भित्रिने नागरिक बढेसँगै एक साताभित्र कोरोना सङ्क्रमितको सङ्ख्या २३ पुगेको कर्णाली प्रदेशका सामाजिक विकास मन्त्रालय स्वास्थ्य सेवा महाशाखाका प्रमुख डा लक्ष्मीनारायण तिवारीले जानकारी दिनुभयो।

ज्याला मजदुरीका लागि भारत गएकाहरूको स्वदेश फर्कने क्रम रोकिएको छैन । भारतबाट स्वदेश फर्कने नागरिक अधिकांश कर्णालीकै भएकाले यहाँ आउने नागरिकको सङ्ख्या अझ बढ्ने देखिन्छ । बाहिरबाट आउने नागरिकका कारण कर्णालीमा कोरोनाको जोखिम बढेको चिकित्सकले बताउँदै आएका छन्। भारतबाट भित्रिनेहरूको स्वाब सङ्कलनका लागि कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लाबाट चिकित्सक टोली दैलेख पठाउने तयारी भइरहेको प्रतिष्ठानका शिक्षाध्यक्ष डा निरेश थापाले जानकारी दिनुभयो।

विश्वव्यापीरूपमा फैलिएको नोबेल कोरोना भाइरस (कोभिड-१९) का कारण भएको लकडाउन र त्यसले खोसिएको रोजगारीले भारतमा अलपत्र परेका नेपाली मातृभूमि फर्किनुको विकल्प पनि छैन । यद्यपि करिब दुई महिनासम्म कोरोना सङ्क्रमण नदेखिएको कर्णालीमा जेठ १ गते भारतबाट फर्केका २३ जनामा कोरोना सङ्क्रमित भेटिएपछि यहाँका नागरिकमा त्रास बढ्दै गएको छ।

भारतको गुजरातबाट आएका सुर्खेत चिङ्गाड गाउँपालिकाका एक युवाको मङ्गलबार राति नै कर्णाली प्रदेश अस्पतालमा ज्यान गइसकेको छ । यता प्रदेश अस्पतालका निर्देशक डा डम्बर खड्काले पछिल्लो समय कर्णालीको अवस्था भयावह बन्दै गएको र बोर्डरमा क्वारेन्टिनको जिम्मा नेपाली सेनालाई समयमै दिनका लागि नेपाल सरकारलाई आग्रह गर्नुभएको छ।

नेपाल सरकारले अन्तर्राष्ट्रिय सीमानाकामा नेपाली सेनालाई क्वारेन्टिन व्यवस्थापनको जिम्मा नदिए र आरडिटी जाँच गर्ने व्यवस्था मिलाउन नसकिए कर्णालीमा भयावह अवस्था आउने निर्देशक डा खड्काको भनाइ छ । प्रदेश सरकारले पनि यसअघि नै भारतबाट आउने नेपालीलाई सीमानाकामै परीक्षण गरी क्वारेन्टिनमा राख्ने व्यवस्था मिलाउन नेपाल सरकार र केन्द्रीय विपद् व्यवस्थापन समितिलाई आग्रह गरिसकेको छ।

भारतमा कर्णाली प्रदेशका ८० हजार नागरिक रहेको प्रदेश सरकारले बताएको छ ।रासस

# संविधान संशोधनको प्रस्तावमा राप्रपाको समर्थन

काठमाण्डु । राष्ट्रिय प्रजातन्त्र पार्टीले संविधान संशोधनसम्बन्धी सरकारको प्रस्तावलाई समर्थन गर्ने भएको छ।

पार्टी अध्यक्षत्रय कमल थापा, पशुपतिशमशेर जबरा र डा प्रकाशचन्द्र लोहनीको बैठकले विधेयकको पक्षमा मतदान गर्ने निर्णय गरेको हो ।

बैठकले निशान छाप परिवर्तन गर्न संसद्मा पेश भएको संविधान संशोधन विधेयकलाई समर्थन गर्ने निर्णय गरेको केन्द्रीय सचिवालय प्रमुख ध्रुवबहादुर प्रधान र भास्कर भद्राद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख छ।

नेपालको कालापानी, लिपुलेक र लिम्पियाधुरा क्षेत्रको भूभाग समेटेर जारी गरेको उक्त नक्सा निशान छापमा समावेश गर्न सरकारले यही जेठ ९ गते संविधान संशोधन विधेयक सङ्घीय संसद्मा दर्ता गराएको थियो। नेपालको संविधानको अनुसूची-३ मा निसान छाप समावेश छ।

नेपालको उक्त भूभाग भारतले अतिक्रमण गरी आफ्नो राजनीतिक नक्सामा समावेश गरी मानसरोवर जाने सडकसमेत निर्माण गरेपछि नेपाल सरकारले विरोध जनाउँदै तत्काल नक्सा सच्याउन गम्भीर ध्यानाकर्षण गराएको थियो। रासस

# कोरोनाको सामना लुकेर हैन जुधेर गरिन्छ : मुख्यमन्त्री पौडेल

हेटौँडा । वाग्मती प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेलले कोरोनासँग डराएर ढोका थुनेर वा लुकेर मात्र नहुने भन्दै त्यसविरुद्ध जुध्ने र सामना गरेर अगाडि बढ्ने नीति लिइने बताउनुभएको छ।

प्रदेशसभाको बुधबारको बैठकमा उहाँले प्रदेश सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रममाथि उठेका प्रश्न तथा जिज्ञासाको जवाफ दिँदै कोरोनाविरुद्धको लडाइमा अन्य प्रदेशको तुलनामा यो प्रदेशमा धेरै काम भएको बताउनुभयो। हालसम्म प्राप्त कोरोना सङ्क्रमितको विवरणअनुसार वाग्मती प्रदेशमा कम सङ्क्रमित पाइएको भन्दै उहाँले बढी जनसङ्ख्या तथा सङ्घीय राजधानीसमेत यही प्रदेशमा हुँदाहुँदै पनि सङ्क्रमितको सङ्ख्या कम हुनुमा सरकारको सक्रियता र क्रियाशीलता मुख्य कारक भएको बताउनुभयो।

मुख्यमन्त्री पौडेलले कोरोनाको कहर कम गर्न प्रदेश सरकारले स्थानीय तहमार्फत रु ३० करोड खर्च गरिसकेको र आवश्यक भए अन्य रकम पठाउन सकिने बताउँदै रकम आवश्यक हुने स्थानीय तहले केका लागि र कति रकम चाहिएको हो भन्ने स्पष्ट योजना ल्याएमा प्रदेश सरकारले रकम उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्नुभयो।

मुख्यमन्त्री पौडेलले आर्थिक वर्ष २०७७/७८ का लागि सरकारद्वारा प्रस्तुत नीति तथा कार्यक्रमले प्रदेशमा उज्यालो ल्याउने दाबी गर्नुभयो । "नीति तथा कार्यक्रममा एउटा पनि बुँदा त्यस्तो छैन, जसले कसैको मन



नछोओस्", उहाँले भन्नुभयो।

प्रदेशसभा सदस्यले उठाएका पिसीआर परीक्षणको दायरा बढाउनुपर्ने भन्ने सुझावमा पौडेलले प्रदेशमा प्रतिसङ्क्रमित २२५ का दरले पिसीआर परीक्षण भइरहेको तथा चिकित्सकलाई शङ्का लागेका वा सङ्क्रमितको 'कन्ट्याक्ट ट्रेसिङ' (सङ्क्रमितसँगको सम्पर्कमा रहेकाहरूको खोजी) का आधारमा आवश्यक सबैको परीक्षण भइरहेको जानकारी दिनुभयो।

मुख्यमन्त्री पौडेलले विकास निर्माण र मर्मतसम्भारका लागि द्रुतकार्य गर्न आवश्यक साधनसहितको कम्पनी आवश्यक परेको हुँदा सरकारले प्रदेश पूर्वाधार विकास कम्पनी स्थापना गर्ने नीति लिएको स्पष्ट पार्नुभयो।

सभामा १५ जना प्रदेशसभा सदस्यले सरकारद्वारा प्रस्तुत नीति तथा कार्यक्रमका पक्ष र विपक्षमा आआफ्नो धारणा राख्नुभएको थियो । त्यस्तै प्रदेशसभा सदस्य रमेश पौडेल, निमा लामा, प्रभात तामाङ, पुकार महर्जन, सन्तबहादुर प्रजा, राधा घले, जीवन डङ्गोल, रीता माझी, रिना गुरुङ र शोभा शाक्यले विभिन्न सात बुँदामा संशोधनको प्रस्ताव प्रस्तुत गर्नुभएकामा प्रदेशसभाले त्यसलाई बहुमतले अस्वीकृत गरेको थियो।

आर्थिक वर्ष २०७७/७८ का लागि प्रदेश सरकारद्वारा प्रस्तुत नीति तथा कार्यक्रमलाई प्रदेशसभाले बहुमतले पारित गरेको छ ।रासस

# ९० प्रतिशत जनसङ्ख्यामा आधारभूत खानेपानी

काठमाण्डु । नेपालमा ९० प्रतिशत जनसङ्ख्यामा आधारभूत खानेपानीको पहुँच पुगेको छ । अर्थ मन्त्रालयले मङ्गलबार सार्वजनिक गरेको आर्थिक सर्वेक्षणअनुसार गत फागुनसम्ममा पाँच लाख आठ हजार २२० जनसङ्ख्यामा आधारभूत खानेपानीको पहुँच पुगेको पाइएको छ।

आधारभूत सरसफाइको पहुँच शतप्रतिशत नागरिकमा पुगेको पाइएको छ। सन् २०१५ सम्ममा १९ प्रतिशतमा उच्च तथा मध्यमस्तरको गुणस्तरीय खानेपानी सेवाको पहुँच पुगेकामा अहिलेसम्म २१ प्रतिशत नागरिकमा पहुँच पुगेको छ । यो अवधिमा २१ शहरी तथा अर्धशहरी खानेपानी आयोजना सम्पन्न भएका छन् । यसबाट दुई लाख ६२ हजार ६८१ जनसङ्ख्या उच्च तथा मध्यमस्तरको खानेपानी सेवा पुगेको छ। सबै नागरिकलाई यस किसिमको खानेपानी पुर्याउनु अझै चुनौतीका रूपमा रहेको सर्वेक्षणले देखाएको छ।

विसं २०७२ को भूकम्पका कारण एक हजार ३०० भन्दा बढी खानेपानी आयोजनामा क्षति पुगेकामा गत फागुनसम्ममा ५०८ आयोजनाको पुनःनिर्माण र पुनःस्थापना सम्पन्न भएको छ । यसबाट दुई लाख १३ हजार ९४२ जनसङ्ख्या लाभान्वित भएको पनि सर्वेक्षणले देखाएको छ। फागुनसम्ममा नै वाग्मती, गण्डकी र प्रदेश नं ५ मा ९२ प्रतिशतमा आधारभूत खानेपानीको पहुँच पुगेको पाइएको छ। त्यस्तै कर्णाली प्रदेशमा ८७ प्रतिशतमा मात्रै आधारभूत खानेपानीको पहुँच पुगेको छ । गत आवको अन्त्यसम्ममा आधारभूत खानेपानीको पहुँच पुग्ने जनसङ्ख्या गण्डकी प्रदेशमा सबैभन्दा बढी र कर्णाली प्रदेशमा सबैभन्दा कम थियो । गत असार मसान्तसम्ममा गण्डकी प्रदेशमा ९० दशमलव नौ प्रतिशतमा र कर्णाली देशमा ८७ प्रतिशत नागरिकमा खानेपानीको पहुँच पुगेको थियो।

सुक्खा र पहाडी बस्तीमा खानेपानी सुविधा उपलब्ध गराउन एक हजार मिटरमाथिसम्म पानी पम्प गर्ने दुई 'मल्टिस्टेज लिफ्ट' प्रणालीका आयोजना सम्पन्न भएका छन्। यी आयोजनाबाट १८ हजार ५६१ जनसङ्ख्यामा उच्च तथा मध्यमस्तरको खानेपानी सेवाको विस्तार भएको छ। यो अवधिमा नयाँ खानेपानी आयोजना ६४ र सेवा पुनःस्थापना भएका १३ आयोजना सम्पन्न हुँदा यसबाट ५७ हजार २७७ जनसङ्ख्या लाभान्वित भएका छन् । उच्च र मध्यमस्तरका १० आयोजना सम्पन्न भएको छ । यसले गर्दा एक लाख ७० हजार ४२४ जनसङ्ख्या लाभान्वित भएका छन्।

गत फागुनसम्ममा नै काठमाण्डु उपत्यकाभित्र १५ दशमलव ६१ थोक वितरण प्रणाली र १५५ किमी वितरण प्रणालीको काम सम्पन्न भएको छ। थोक वितरण प्रणाली कुल ९७ किमी र खानेपानी वितरण प्रणाली एक हजार १५० किमी रहेको छ । आव २०६६/६७ मा नेपालमा आधारभूत खानेपानीको पहुँच ८० दशमलव चार प्रतिशत र आधारभूत सरसफाइमा पहुँच ४६ दशमलव एक प्रतिशत जनसङ्ख्यामा थियो। रासस

# रेडियोधर्मी पदार्थको नियमनसम्बन्धी विधेयक स्वीकृत

काठमाण्डु। प्रतिनिधिसभाको बुधबारको बैठकले राष्ट्रियसभाबाट संशोधनसहित प्राप्त भएको 'रेडियोधर्मी पदार्थको उपयोग नियमनसम्बन्धी विधेयक, २०७६' स्वीकृत गरेको छ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलले सो विधेयकको संशोधनमाथि विचार गरियोस् भनी प्रस्तुत गर्नुभएको प्रस्ताव बैठकले बहुमतले स्वीकृत गरेको हो । यसअघि संशोधनमाथिको छलफलमा उठेका विषयमा जवाफ दिँदै मन्त्री पोखरेलले विकिरणबाट उत्पन्न जोखिम न्यूनीकरण गर्न अति जरुरी भएको र पारमाणिक पदार्थको नियमन तथा रेडियोधर्मी पदार्थको सुरक्षा, अनुसन्धान र नियमनका लागि अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई समेत ध्यान दिएर विधेयक ल्याइएको बताउनुभयो।

संशोधनमाथिको छलफलमा भाग लिँदै सांसद प्रेम सुवालले सो विधेयक गम्भीर महत्वको भएकाले विस्तृत छलफलपछि मात्रै पास गर्न आग्रह गर्नुभयो । सांसद दिव्यमणि राजभण्डारीले कोरोना जोखिममा विश्व परिरहेको सन्दर्भमा हाल यस्ता विधेयक प्राथमिकतामा नपर्ने बताउनुभयो।

**दुई प्रतिवेदन पेश**

बैठकमा कानून, न्याय तथा मानव अधिकार समितिका सभापति कृष्णभक्त पोखरेलले 'कानून, न्याय तथा मानव अधिकार समितिको वार्षिक प्रतिवेदन, २०७७' र शिक्षा तथा स्वास्थ्य समितिका सभापति जयपुरी घर्तीले 'मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयकसम्बन्धी समितिको प्रतिवेदन, २०७६' पेश गर्नुभएको थियो। प्रतिवेदन पेश गर्दै सभापति पोखरेलले जनतालाई शक्तिको स्रोत मान्ने प्रकारको शासकीय स्वरूप हुनुपर्ने सुझाव दिनुभयो । उहाँले समितिले दिएका सुझाव र निर्देशनले समृद्ध नेपाल निर्माणमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

त्यसैगरी सङ्घीय संसद् सचिवालयका सचिव गोपालनाथ योगीले 'नेपाल विशेष सेवा विधेयक, २०७६' का सम्बन्धमा राष्ट्रियसभाबाट प्राप्त सन्देशसहितको विधेयक प्रतिनिधिसभामा टेबुल गर्नुभयो ।रासस

**बैठकमा कानून, न्याय तथा मानव अधिकार समितिका सभापति कृष्णभक्त पोखरेलले 'कानून, न्याय तथा मानव अधिकार समितिको वार्षिक प्रतिवेदन, २०७७' र शिक्षा तथा स्वास्थ्य समितिका सभापति जयपुरी घर्तीले 'मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयकसम्बन्धी समितिको प्रतिवेदन, २०७६' पेश गर्नुभएको थियो ।**


## बढुवा समितिको सचिवालय
## जिल्ला प्रशासन कार्यालय, धनुषाको सूचना

लोकसेवा आयोगको देहायको बढुवा विज्ञापन नं., सेवा, समुह, श्रेणीको रिक्त पदहरुमा जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा बढुवा गर्न बढुवा समितिको मिति २०७७/०२/११ गते बसेको बैठकको निर्णय अनुसार देहाय बमोजिम योग्यताक्रमका उम्मेदवारहरुलाई बढुवाको लागि सिफारिस गर्ने निर्णय भएकोले निजामती सेवा ऐन, २०४९ को दफा २० (४) को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

बढुवा सूचना नं. ४४९/०७६/०७७
नेपाल इन्जिनियरीङ्ग सेवा, सर्भे समुह रा.प.अन. प्रथम श्रेणी
पद सर्भेक्षक माग संख्या - १ (एक)

| योग्यता क्रम नं. | कर्मचारी संकेत नं. | उम्मेदवारको नाम, थर |
|---|---|---|
| १ | २०९९०१ | सिकिन्द्र कापडी |

प्रशासकिय अधिकृत

प्रदेश सभा सचिवालय
प्रदेश नं.२
हनुमानगर, जनकपुर
प्रदेश सभाका माननीय सदस्यहरुलाई प्रदेश सभाको अधिवेशन आव्हान सम्बन्धी ।

अत्यन्त जरुरी सूचना

माननीय प्रदेश प्रमुख श्री तिलक परियारले नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम सम्वत् २०७७ साल जेष्ठ २१ गते बुधवार दिनको १:०० बजे प्रदेश सभा भवन हनुमानगर, जनकपुरमा प्रदेश सभाको चौथो अधिवेशन आव्हान गर्नु भएकोले उक्त मिति, समय र स्थानमा माननीय सदस्यहरुको उपस्थितिका लागि अनुरोध गर्दछु ।

जेष्ठ १३, २०७७

२०७७।०२।१३

रंजित कुमार यादव
सचिव

# कोरोनाभाइरसबाट अमेरिकामा १,००,००० को मृत्यु

सोमनाथ लामिछाने

काठमाण्डु । चीनको उहानबाट शुरु भएको ठानिएको प्राणघातक कोरोनाभाइरसको महामारीबाट संयुक्तराज्य अमेरिकामा एक लाख मानिसको मृत्यु भएको छ। वर्ल्डओमिटर्सका अनुसार नेपाली समयानुसार बुधबार बिहान यो संख्या पुगेको हो । विश्वभर यतिठूलो संख्यामा कोरोना संक्रमितको मृत्यु भएको अमेरिका पहिलो देश हो ।

संयुक्तराज्य अमेरिकामा कोरोना संत्रमण गत फेब्रुअरी १५ मा पहिलो पटक देखिएको थियो । अमेरिकामा त्यस दिन १५ जनामा मात्र कोरोना पुष्टि भएको थियो ।

गत वर्ष सन् २०१९ डिसेम्बरको अन्त्यतिर चीनको उहानमा पहिलोपटक देखिएको कोरोनाभाइरसले फेब्रुअरीसम्ममा धेरै व्यक्तिको ज्यान लिइसकेको थियो भने जनवरी २२ मा १७ जनाको मृत्यु भएसँगै उहानमा लकडाउन जारी थियो । अमेरिकामा भने कोरोनाभाइरसबाट फेब्रुअरी २९ मा मात्र पहिलो व्यक्तिको मृत्यु भएको थियो । मार्च र अप्रिल महिनामा अमेरिकामा मृत्युदर अत्यन्त बढी थियो ।

अप्रिल १५ मा एकै दिन २६ सयको ज्यान गएको थियो । लकडाउन, सामाजिक दूरी र अन्य कडा नियमको कार्यान्वयनका कारण यद्यपी मे १२ देखि मृत्युदरमा सामान्य कमी आएको छ, र यो दैनिक एक हजारभन्दा मुनि छ । विरोधाभाष त के भने, अमेरिकामा पहिलो व्यक्तिको मृत्यु भइरहँदा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यस "चिनियाँ भाइरस"ले अमेरिकीलाई खासै असर नगर्ने बताइरहनु भएको थियो । अझ उहानलाई लकडाउनमा राखेर त्यहाँका जनताको मानव अधिकार हनन भएको उहाँको आरोप थियो ।

तर अमेरिकामा हटस्पटका रूपमा न्यूयोर्क राज्य देखियो । यहाँ एकै राज्यमा झण्डै ३० हजारको अकालमा ज्यान गइसकेको छ । शव व्यवस्थापन नै चुनोती बनेको यस राज्यको सम्पूर्ण स्वास्थ्य प्रणाली छिन्नभिन्न भएको थियो ।

खासगरी, बुढाबुढी, कमजोर स्वास्थ्य रहेका, श्वासप्रश्वास समस्या भएका, मधुमेह, उच्च तनाब, मुटुरोग, मृगौला रोगी, क्यान्सर जस्ता दिर्घरोगी व्यक्तिहरू सबैभन्दा बढी पीडित भएका छन् । यही मे १३ सम्म



न्यूयोर्कका १५ हजार २३० जनाका सम्बन्धमा न्यूयोर्क सिटी हेल्थले गरेको सर्वेक्षणमा पहिल्यैदेखि स्वास्थ्य समस्या रहेका ७५ वर्षभन्दा माथिका व्यक्तिमध्ये ५ हजार २३६ जना, ६५ देखि ७४ वर्ष उमेरका २ हजार ८०१ जना तथा ४५ देखि ६४ वर्ष उमेरका २ हजार ८५१ जनाको मृत्यु भएको उल्लेख छ ।

अमेरिकी जनजीवनलाई नराम्रोसँग गाँजेको अमेरिकामा १७ लाखभन्दा बढी व्यक्ति कोरोना संक्रमित छन् । स्वास्थ्य परीक्षणको दायरा फराकिलो बनाएकाले अझै पनि दिनहुँ ठूलो संख्यामा संक्रमित भेटिएका छन् ।

तर स्वास्थ्य ठूलो कि अर्थतन्त्र ? यी दुई बहसमा अल्झिएका राष्ट्रपति ट्रम्पमाथि मानिसको स्वास्थ्यलाई महत्व नदिएको र अर्थतन्त्रप्रति मात्र ध्यान दिइरहेको आलोचना खेप्न बाध्य हुनु भएको छ । उहाँ औलोको औषधि हाइड्रोक्लोरोक्वीनको सेवन गरेमा कोरोना ठीक हुन्छ भन्ने विवादास्पद भनाईमा अडिग हुनुहुन्छ, जबकी विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) र वैज्ञानिकहरूले यही औषधिको जथाभावी सेवनका कारण पनि धेरै अमेरिकीको ज्यान गएको बताइरहेका छन् ।

डब्लुएचओले त यो औषधिलाई कोरोना रोगका सन्दर्भमा अनुसन्धान परीक्षण गर्न समेत प्रतिबन्ध लगाएको घोषणा गरेको छ । मास्क समेत लगाउन हिच्किचाउने हठी स्वभावका राष्ट्रपति ट्रम्पको ध्यान विश्वकै पहिलो अमेरिकी अर्थतन्त्रलाई कहिले खुला गर्ने भन्नेमै छ ।

उहाँ दिनहुँ भन्नुहुन्छ - अमेरिका बन्द गर्नका लागि होइन, यो खुला छ खुला हुनु पर्छ । एसोसिएटेड प्रेसका अनुसार राष्ट्रपति ट्रम्पले आफूले राम्रोसँग नेतृत्व गरेकै कारण मृत्युसंख्यामा कमी आएको बताउनुभएको छ । तर कुनै पनि महामारी वा युद्धका कारण यतिठूलो संख्याका अमेरिकीको मृत्यु भएको पहिलो पटक हो ।

ट्रम्पको भनाइप्रति असहमति जनाउने अमेरिकी राज्यका गभर्नरहरूले लकडाउनका नियम एकाएक हटाउन नहुनेमा जोड दिइरहेका छन् । उनीहरूको भनाईमा अमेरिकालाई विस्तारै, क्रमिकरूपमा खोल्नु पर्छ। खासमा अमेरिकामा २५ लाखभन्दा बढी मानिस बेरोजगार भइसकेकाले पनि राष्ट्रपति ट्रम्पमाथि दबाब छ।

यही गाँठोमा अहिले अमेरिकी समाज छ । ट्रम्पकै भनाइलाई ठीक ठान्ने कतिपय कट्टरपन्थीहरू पेशा, व्यवसाय खोल्न माग गर्दै बन्दुक समेत लिएर सडकमा उत्रिएका दृश्यहरू संचार माध्यममा आइरहेका छन् ।

अहिले अमेरिकाका केयौं समुद्री तटमा मानिसहरू सामाजिक दूरी र अन्य नियमहरूको बेवास्ता गर्दै स्वतन्त्र रूपमा घुम्न थालिसकेका छन् । उता, युरोपमा कोरोना संक्रमणमा कमी देखिएसँगै पसल, व्यवसाय, स्कुलहरू खुला गर्न थालिएको छ तर उच्च सावधानीका साथ ।

कोरोनाभाइरसले आर्थिक रूपमा समृद्ध, सुदृढ स्वास्थ्य प्रणाली, उच्च जनचेतना र शिक्षित समुदायको बाक्लो बसोबास रहेका पहिलो विश्वका मुलुकहरूमा धेरैको ज्यान लिइसकेको छ। यही सेरोफेरोमा अमेरिकी अग्रसरता खासगरी राष्ट्रपति ट्रम्पको भनाईमा साथ दिइरहेका विकसित मुलुकहरू र चीनबीच कोरोनाभाइरसको उत्पत्तिको विषयलाई लिएर एक प्रकारको वाकयुद्ध नै जारी छ । चीनले उहानस्थित इन्स्टिच्यूट अफ भाइरोलोजीमा कोरोनाभाइरस तयार गरी अन्यत्र फैल्याएको र समयमै भाइरसबारे जानकारी नगराएको ट्रम्पको आरोप छ । आफ्ना कमजोरी ढाकछोप गर्न राष्ट्रपति ट्रम्पले चीनमाथि आरोप लगाएको चीनले बताइरहेको छ। अधिकांश वैज्ञानिकहरूले उहानका सडकमा खुलेआम बिक्री गरिने चमेरो समेतका वन्यजन्तुबाट कोरोनाभाइरस मानिसमा सरेको बताइरहेका छन्, तर यसबारे पूरै तथ्य पुष्टि भइसकेको छैन ।

यही रस्साकस्सी र आरोप-प्रत्यारोपबीच विश्वभर ३ लाख ५२ हजारको मृत्यु भइसकेको छ भने ५७ लाखभन्दा बढी मानिस संक्रमित छन् । अझै पनि ५० हजारभन्दा बढी मानिस गम्भीर अवस्थामा छन् । युरोपेली क्षेत्रका मुलुकमै एक लाख ६९ हजारभन्दा बढीको ज्यान गएको छ । भाइरस प्रसारका नयाँनयाँ हटस्पटहरू जस्तै ब्राजिल, भारतमा संक्रमित र मृतकको संख्या बढ्दै गएकाले मृतकको संख्या अझै बढ्न सक्नेछ ।

अहिले विश्वभर खोप कि उपचार पहिले भन्ने दौड जारी छ, तर कसैले पनि कोरोनाभाइरसको सार्थक उपचार फेला पार्न नसकेको अवस्थामा लकडाउन वा सामाजिक दूरी, परीक्षणहरूको दायरा बढाउने नै अहिलेसम्मका सर्वोत्तम विधि देखिएका छन् ।

तर यी विकल्पकै बीच समग्र विश्व "कोरोनाकाल अघि"को झैं सहज कहिले होला ? विश्वका धनी वा गरिब दुबै किसिमका मुलुकका नागरिक र सरकारहरूको ध्यान यसमै छ ।रासस

## भारतमा कोरोनाभाइरसबाट संक्रमितहरू डेढ लाख नाघे

एएफपी

नयाँदिल्ली । भारतमा पछिल्लो चौबीस घण्टामा कोरोनाभाइरसबाट नयाँ संक्रमित भएका व्यक्तिको संख्या छ हजार ३८७ रहेको छ । भारतीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयलका अनुसार भारतमा कूल संक्रमितको संख्या एक लाख ५१ हजार ७६७ पुगेको छ ।

कोरोना संक्रमणबाट विगत चौबीस घण्टामा १७० जनाको मृत्यु भएको छ । यो सहित भारतमा कूल मृत्यु भएका व्यक्तिको संख्या चार हजार ३३७ भएको मन्त्रालयले जनाएको छ । उपचारको क्रममा रहेकामध्ये ६४ हजार ४२५ जना विभिन्न अस्पतालबाट डिस्चार्ज भएका छन् ।

भारतीय राज्य महाराष्ट्रमा कोविड-१९ बाट सर्वाधिक मानिस प्रभावित भएका छन् । यहाँ हालसम्म ५४ हजार ७५८ जना संक्रमित भेटिएका छन् । तमिलनाडुमा १७ हजार ७२८ तथा गुजरातमा १४ हजार ८२१ जना तथा भारतीय राजधानी नयाँदिल्ली प्रदेशमा १४ हजार ४६५ जना संक्रमित देखिएका छन् ।

# युरोपेली युनियनद्वारा १० खर्ब युरोको सहायता योजना युरोपेली संसदमा प्रस्तुत

एएफपी

ब्रसेल्स । कोरोनाभाइरस महामारीका कारण सिर्जित आर्थिक नोक्सानीमा मल्हमपट्टी लगाउने उद्देश्यले युरोपेली युनियनमा आबद्ध मुलुकका लागि बुधबार दश खर्ब युरोको राहत योजना सार्वजनिक गरिने भएको छ । महामारीका कारण ठूलो आर्थिक क्षति व्यहोर्न बाध्य विश्वका धेरै देशले अभूतपूर्व आपतकालीन उपायहरू घोषणा गरिरहेका छन् ।



यही शैलीलाई पछ्याउँदै युरोपेली युनियनले पनि विशाल राहत प्याकेज घोषणा गर्न लागेको हो । कोरोनाभाइरसबाट विश्वभर तीन लाख ५० हजारभन्दा बढीको ज्यान गइसकेको छ भने ५७ लाखभन्दा बढी मानिस संक्रमित छन् । दक्षिण (ल्याटिन) अमेरिकामा भाइरसको विनाशलिला जारी रहेकै अवस्थामा युरोपमा भने संक्रमणमा केही न्यूनता आएसँगै बिस्तारै व्यवसाय खोल्न थालिएको छ । तर युरोपमै सर्वाधिक क्षति व्यहोरेका इटाली र स्पेनलाई आफ्नो अर्थव्यवस्था पुनर्जीवित तुल्याउन निकै हम्मे पर्ने देखिएको छ । युरोपियन युनियनका प्रमुख उर्सुला भोन डर लिनले बुधबार १० खर्ब युरोको आर्थिक प्रस्ताव युरोपेली संसदमा प्रस्तुत गर्नु हुनेछ । कोरोना महामारीबाट सर्वाधिक असर परेका मुलुकका लागि यस प्रस्तावमा ऋण र अनुदान दुबै उपलब्ध गराउने योजना समेटिएको छ ।

युरोपेली संसदमा यस प्रस्तावमाथि निकै चर्को बहस हुनेछ किनकि इटाली र स्पेन जस्ता पहिल्यै ऋणभार बढी भएका र महामारीको क्षति पनि बढी सहनु परेका मुलुकले ऋणभन्दा अनुदानकै लागि पहिलो प्रयास गर्नेछन् । युरोपेली महादेशले कोभिड-१९ बाट एक लाख ७२ हजारभन्दा बढी मानिस गुमाइसकेको अवस्थामा आएको नयाँ आर्थिक प्रस्तावले मानवीय क्षति र आर्थिक विनाशलाई सम्बोधन गर्नुपर्ने कठिन अवस्था छ । स्पेनमा कोरोनाबाट निधन भएकाहरूको सम्झनामा बुधबारदेखि १० दिने शोक मनाइँदैछ ।

यहाँ २७,००० भन्दा बढी व्यक्तिको मृत्यु भएको छ । स्पेनका सबै सरकारी, सार्वजनिक भवनमा राष्ट्रिय झण्डा आधा झुकाइनेछ । महामारीको चपेटामा परेका इटाली, जर्मनी, फ्रान्स र बेलायत समेतका धेरै मुलुकले लकडाउनलाई खुकुलो बनाउन थालेका छन् ।

# दिल्ली-बैंग्लोरको हवाई यात्रामा पाँच वर्षे बालकको एकल यात्रा

एएफपी

बैंङ्लोर । सोमबारदेखि आन्तरिक उडान सुरु गरेको भारतमा उडानमार्फत विभिन्न गन्तब्य जाने यात्रुहरूको सङ्ख्या ५८ हजार ३१८ पुगेको भारतीय उड्ययन प्राधिकरणले जनाएको छ ।

प्राधिकरणका अनुसार सोमबार देशका विभिन्न स्थानबाट कूल ८३२ उडान गरिएको थियो । सोमबारका उडानहरूमध्ये एउटा यस्तो उडान भएको छ जसमा एक पाँच वर्षका बालकले एकल हवाई यात्रा गरेका छन् । तीन महिनादेखि दिल्लीमा फसेका पाँच बर्षीय बालक बिहान शर्माका लागि सोमबार दिल्ली -बैंग्लोरको यात्रा आफ्नी आमासँग भेट गर्ने अनौठो संयोग बनेको हो । परिवारबाट टाढा रहेका शर्मा दिल्लीमा आफन्तकहाँ बस्दै आएका थिए । बैंग्लोरमा शर्माकी आमाले उनलाई रिसिभ गर्नुभएको हो । सोमबार जब विहान बैंग्लोर एयरपोर्टमा पुग्दा उनकी आमा छोराको प्रतिक्षा गरिरअनुभएको थियो । उहाँले एएनआईसँग कुरा गर्दै छोरा दिल्लीबाट आएको जहाजमा एक्लै आएका विमानका कर्मचारीले आफुलाई बताएको जानकारी गराउनुभयो ।




एएनआईले एकल यात्रा गर्ने ती बालकको हातमा विशेष श्रेणीको कार्ड बोकेको तस्वीरलाई सार्वजनिक गरेको छ ।

बिहान शर्मा केही दिनको छुट्टीमा दिल्लीमा रहेका आफ्ना हजुरबुवा र हजुरआमालाई भेट्न गएका समय लकडाउन भएपछि उनी तीन महिनासम्म आफ्नो काखबाट टाढा रहेको उनकी आमाले बताउनुभयो ।

## गैर-अमेरिकीलाई पूर्व घोषित समयभन्दा दुई दिन पहिल्यै प्रवेश प्रतिबन्ध

एएफपी

वासिङ्टन । कोरोनाभाइरस सङ्क्रमण नियन्त्रणका लागि भन्दै अमेरिकाद्वारा मङ्गलबारदेखि ब्राजिलबाट अमेरिका आउने गैर-अमेरिकीलाई प्रवेशमा प्रतिबन्ध लगाएको छ । अमेरिकाले यस पहिले गरेको निर्णयमा ब्राजिलबाट अमेरिका प्रवेशमा बिहीबारदेखि प्रतिबन्ध लगाउने बताइएको थियो ।

यो निर्णय अमेरिकी नागरिकका लागि भने लागु नहुने अमेरिकाले जनाएको छ । व्हाइट हाउसले स्थानीय समय अनुसार सोमबार आफ्नो पूर्व निर्णयमा परिवर्तनको घोषणा गरेको हो । जोन्स हकिन्स युनिभर्सिटीको तथ्याङ्क अनुसार ब्राजिल कोरोना भाइरस सङ्क्रमणका हिसाबले अमेरिका पछि दोस्रो स्थानमा रहेको छ । ह्वाइट हाउसले ब्राजिलको स्थिति ल्याटिन अमेरिकाको सबैभन्दा बढी प्रभावित देशको रूपमा आइतबार बताएको छ ।

यो प्रतिबन्धको घोषणाले अमेरिकामा थप सङ्क्रमितको सङ्ख्यालाई नियन्त्रण गर्न मद्दत गर्ने अमेरिकाको विश्वास छ । प्रतिबन्ध अमेरिकी नागरिक वा कानूनीरूपमा स्थायी बासिन्दाका रूपमा प्रमाणित विदेशी नागरिक र उनीहरूका पति, पत्नी, आमाबाबु तथा बच्चाहरूमा लागू हुँदैन ।

अमेरिकामा मङ्गलबारसम्ममा विश्वकै सबैभन्दा बढी १७ लाख आठ हजार २६५ व्यक्तिमा कोभिड-१९ को सङ्क्रमण पुष्टि भएको छ भने ब्राजिलमा विश्वकै दोस्रो धेरै तीन लाख ७६ हजार ६६९ सङ्क्रमित रहेका छन् ।

# भारतमा निको हुनेको दर ४१.६१ प्रतिशत : स्वास्थ्य मन्त्रालय

एएफपी

नयाँ दिल्ली । भारतमा विश्वका अन्य मुलुकको तुलनामा कोभिड-१९ बाट सङ्क्रमित विरामी निको भएर घर फर्किनेको दर ४१.६१ प्रतिशत रहेको भारतको संघीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले मङ्गलबार जानकारी गराएको छ । भारतमा कोभिड-१९ का कारण ज्यान गुमाउनेको सङ्ख्या पनि विश्वको कम क्षति हुने मुलुकहरूमा जस्तै रहेको मन्त्रालयको दावी रहेको छ । स्वास्थ्य मन्त्रालयका सहसचिव लव अग्रवालले पत्रकार सम्मेलनमा भन्नुभयो, "अहिलेसम्म ६० हजार ४९० कोभिड-१९ सङ्क्रमित निको भएर घर फर्किएका छन् ।




कोरोनाभाइरस सङ्क्रमण निको हुनेको दर अहिलेसम्म ४१.६१ प्रतिशत रहेको छ । हाल सङ्क्रमितमध्येमा मृत्यु दर पनि विश्वमा कोरोना भाइरस प्रकोप रहेका अन्य ठूला मुलुकहरूको तुलनामा निकै कम अर्थात् २.८७ प्रतिशत रहेको छ।"

अग्रवालले भन्नुभयो, "भारतमा विश्वमा सङ्क्रमितको औषत सङ्ख्या निकै कम रहेको छ । विश्वभर प्रति एक लाखमा ६९.९ व्यक्तिमा सङ्क्रमण रहेकोमा भारतमा यो दर प्रति लाखमा १०.७ व्यक्ति रहेको छ ।" यो तुलना विश्वभर सङ्क्रमितको सङ्ख्यामा आधारित रहेर गरिएको गरिएको उहाँको भनाइ थियो । भारतमा बन्दाबन्दी (लकडाउन), सामाजिक दूरी कायम गर्नेजस्ता अन्य मार्ग निर्देशनलाई अन्य मुलुकहरूको तुलनामा राम्रोसँग पालना गरिएको र सङ्कटलाई अन्य मुलुकमाभन्दा नियन्त्रणमा राख्न सम्भव देखिएको अग्रवालले बताउनुभयो । उहाँले विश्वका अन्य प्रभावित मुलुकहरूको तुलना गर्दै भन्नुभयो, "स्पेनमा सङ्क्रमित दर प्रति लाख ५०४ छ भने बेल्जियममा ४९९, अमेरिकामा ४८६ छ भने मेक्सिकोमा ५२.२ रहेको छ ।" धेरै सङ्क्रमण रहेका मुलुकहरूको तुलनामा भारतमा सङ्क्रमितको मृत्यु निकै नै थोरै भएको सहसचिव अग्रवालले बताउनुभयो । उहाँले भन्नुभयो, "यद्यपि महामारीमा ज्यान गुमाएका हरेक व्यक्तिको मृत्युको पीडावोध राज्यले गरेको छ । विश्वमा कोभिड-१९ बाट बढी सङ्क्रमित भएका मुलुकहरूमध्ये भारत कम प्रभावित मुलुक हो ।


# अमेरिकी कम्पनीद्वारा अष्ट्रेलियामा कोरोनाभाइरसको खोप परीक्षण

एएफपी

क्यानबेरा । संयुक्तराज्य अमेरिकाको एक बायोटेक्नोलोजी कम्पनीले यसै वर्षको अन्त्यसम्ममा कोरोनाभाइरसको प्रामाणिक खोप तयार गर्ने आशाका साथ अष्ट्रेलियामा एक व्यक्तिलाई सुई लगाएर खोप कार्यक्रमको शुभारम्भ गरेको छ ।

अमेरिकी कम्पनी नोभाभाक्सले परीक्षणको पहिलो चरणमा अस्ट्रेलियामा १३१ जना स्वयंसेवीलाई खोप दिनेछ र यसको प्रभावकारिताका संकेतहरूको जाँच गर्नेछ, कम्पनीका अनुसन्धान प्रमुख डा ग्रेगरी ग्लेनले बताउनुभयो । कोरोनाभाइरस विरुद्ध विश्वभर एक दर्जन प्रयोगात्मक खोपहरू परीक्षणका क्रममा रहेका छन् । प्रायः यी खोपहरू चीन, अमेरिका र युरोपमा परीक्षण भइरहेका छन् । तर अहिलेसम्म कुनै पनि खोप सुरक्षित र प्रभावी साबित भइसकेका छैनन् । यी खोप निर्माणमा भिन्न तरिका र उच्च प्रविधि अपनाइएका छन् ।

ग्लेनले नोभाभाक्सको मुख्यालय मेरिल्यान्डबाट भर्चुअल पत्रकार सम्मेलन गर्दै भन्नुभयो, "हामी समानान्तर डोज बनाउँदैछौं र हामीले यस वर्षको अन्तमा खोप सार्वजनिक




प्रयोगमा ल्याउन सक्षम हुनेछौं ।"पशुहरूमा गरिएको परीक्षणमा खोपको न्यून डोज प्रभावकारी देखिएको छ ।

उहाँले नोभाभाक्सले यस वर्ष कम्तिमा १० करोड डोज र अर्को वर्ष सन् २०२१ भित्रमा १.५ अर्ब डोज उत्पादन गर्न सकिने बताउनुभयो । ग्लेनले भन्नुभयो, "एनभिएक्स-कोभ२३७३ नाम दिइएको यस खोपको उत्पादन गर्न गत मार्चयता नर्वेस्थित एक संस्थाले मार्च महिनायता ३८ करोड ८० लाख डलर लगानी गरेको छ ।"

मेलबोर्न र ब्रिस्बेनमा क्लिनिकल परीक्षणको पहिलो चरणको नतिजा जुलाईमा प्राप्त हुने अपेक्षा गरिएको नोभाभाक्सले जनाएको छ । धेरैवटा मुलुकका अरु हजारौं व्यक्तिलाई दोस्रो चरणमा समावेश गरिनेछ ।

अस्ट्रेलियाको सहयोगी संस्था न्यूक्लियस नेटवर्कका संक्रामक रोग विशेषज्ञ पल ग्रिफिनले मेलबोर्नमा छ जना स्वयंसेवीलाई खोप दिएर कार्यक्रम शुभारम्भ गरिएको जानकारी दिनुभयो । नोभाभाक्सका पदाधिकारीले गत महिना एसोसिएटेड प्रेससँगको भेटमा "हाम्रो खोप बनाउने तरिका भिन्न छ, हामी भाइरसलाई कहिल्यै छुँदैनौं" भनेका थिए ।

## दक्षिण कोरियाद्वारा मधुमेहका ३१ औषधिमा प्रतिबन्ध

एएफपी

सिओल ।: दक्षिण कोरियाले बजारमा रहेका विभिन्न ३१ थरी मधुमेहका औषधि उत्पादन तथा विक्रीमा प्रतिबन्ध लगाएको छ ।

कोरियाको जनस्वास्थ्य निकायले मङ्गलबार दिएको जानकारी अनुसार 'कार्सिनोजिन' को मात्रा रहेको र यसको प्रयोगले क्यान्सरको जोखिम रहने अनुसन्धानको निष्कर्षपछि ती औषधि उत्पादन तथा विक्रीलाई प्रतिबन्धित गरिएको हो । ती सबै मेटफर्मिनमा-आधारित औषधि हुन् । यी सबै टाइप-२ को विरामी अर्थात वयस्क विरामीहरूका लागि सिफारिस हुने औषधि हुन् ।

कोरियालीखाद्यय तथा औषधि सुरक्षा मन्त्रालयले मधुमेहका लागि प्रयोग हुने अन्य २५७ औषधिहरूमा पनि 'कार्सिनोजिन' को मात्रा भए नभएको परीक्षण भइरहेको बताएको छ ।

परीक्षण भएकामध्ये ३१ औषधिमा एन-नाइट्रोसोडियमथाइलामाइनको मात्रा अनुमति दिइएकोभन्दा बढी भएको पाइएको छ," मन्त्रालयले भनेको छ । औषधीजन्य उक्त पदार्थको मात्रा निकै थोरै भएकोले यसका कारण विगतमा औषधि सेवन गर्ने विरामीको स्वास्थ्यमा भने समस्या नहुने बताइएको छ । प्रतिबन्धित गरिएका यी औषधिको सेवन गर्ने विरामीको सङ्ख्या हाल कोरियामा दुई लाख ६० हजार रहेको उल्लेख गरिएको छ ।

जेडब्ल्यु फर्मा, हुटेक्स कोरिया र हान्मी फार्ममा उत्पादित ग्याडमेट, गल्लेस-एम र ग्लाइमफोल चक्कीहरूजस्ता प्रतिबन्धित औषधिहरूमा 'कार्सिनोजिन'को मात्रा बढी भेटिएको हो ।

## रसियामा कोरोना संक्रमण उच्चतम विन्दुमा पुगेको राष्ट्रपति पुटिनको भनाई

एएफपी

मस्को । रसियाका राष्ट्रपति भ्लादिमिर पुटिनले रसियामा कोरोनाभाइरसको संक्रमण उच्चतम विन्दुमा पुगिसकेको मंगलबार घोषणा गर्नु भएको छ । राष्ट्रपति पुटिनले विज्ञहरूको भनाईमा रसियामा कोरोनाभाइरस संक्रमणले उच्चतम विन्दु पार गरेको बताउनु भएको रसियाली रक्षामन्त्री सर्गेइ सोइगुले जानकारी दिनुभएको छ ।

रसियाली स्वास्थ्य मन्त्रालयको पछिल्लो विवरण अनुसार रसियामा कोरोना संक्रमितको संख्या तीन लाख ६२ हजारभन्दा बढी छ भने तीन हजार ८०० भन्दा बढी व्यक्तिको ज्यान गएको छ । विश्वभर कोरोना संक्रमितको संख्या ५७ लाख नाघेको छ भने मृत्यु भएका व्यक्तिहरूको संख्या पनि तीन लाख ५० हजारभन्दा बढी भइसकेको छ ।

# बन्दाबन्दीले देशकै दोस्रो ठूलो खानेपानी सुदृढीकरण आयोजना ठप्प

कास्की । कोभिड-१९ को सङ्क्रमण रोक्न देशव्यापी जारी बन्दाबन्दीले पोखरामा निर्माणाधीन देशकै दोस्रो ठूलो खानेपानी सुदृढीकरण आयोजनाको काम रोकिएको छ ।

जापान सरकारको अनुदान सहयोग र नेपाल सरकारको ऋण लगानीमा रु पाँच अर्ब लागतमा पोखरामा लगानीका हिसाबले मेलम्चीपछिको दोस्रो ठूलो खानेपानी आयोजना सुदृढीकरणको काम धमाधम भइरहेकामा बन्दाबन्दीपछि आयोजनाको सम्पूर्ण काम ठप्प भएको हो ।

*जापान सरकारको अनुदान सहयोग र नेपाल सरकारको ऋण लगानीमा रु पाँच अर्ब लागतमा पोखरामा लगानीका हिसाबले मेलम्चीपछिको दोस्रो ठूलो खानेपानी आयोजना सुदृढीकरणको काम धमाधम भइरहेकामा बन्दाबन्दीपछि आयोजनाको सम्पूर्ण काम ठप्प भएको हो । खानेपानी संस्थानबाट सञ्चालित र जापानी अन्तरराष्ट्रिय सहयोग नियोग (जाइका)अन्तर्गत निर्माण भइरहेको सो परियोजनाबाट हाल पोखरामा खानेपानी आपूर्ति भइरहेको मर्दीखोलाको पानी प्रशोधन गर्ने तथा थप वितरण लाइन निर्माणको योजना छ ।*

खानेपानी संस्थानबाट सञ्चालित र जापानी अन्तरराष्ट्रिय सहयोग नियोग (जाइका)अन्तर्गत निर्माण भइरहेको सो परियोजनाबाट हाल पोखरामा खानेपानी आपूर्ति भइरहेको मर्दीखोलाको पानीप्रशोधन गर्नेतथा थप वितरण लाइन निर्माणको योजना छ । हाल अप्रशोधित पानी उपलब्ध भइरहेकामा सो आयोजना सम्पन्न भएपछि यसले समेटेको क्षेत्रमा २४सै घण्टा राष्ट्रिय खानेपानी गुणस्तरअनुसारको प्रशोधित पानी उपलब्ध हुने खानेपानी संस्थानले जनाएको छ ।

स ा

आयोजनाको गत वर्ष जेठमा सङ्घीय सरकारका खानेपानीमन्त्री बिना मगरले पोखरा-१९ पुरुनचौरमा शिलान्यास गर्नुभएपछि कामले तीव्रता पाएको थियो ।

आयोजनाको निर्माणकार्य जापानी निर्माण कम्पनीले नै अघि बढाएको हो । खानेपानी संस्थानका इञ्जीनियर सन्तोषकुमार दासले लकडाउन आह्वानपछि निर्माणमा परिचालित सबै मजदुर घर फर्किएको र काम ठप्प भएको बताउनुभयो ।

हालसम्म समग्रमा २४ प्रतिशत कार्य प्रगति भए पनि लकडाउनले गर्दा निर्धारित मितिभित्रमै आयोजना सम्पन्न गर्न बाधा पुर्‍याएको उहाँको भनाइ छ । “यसअघि हाम्रो लक्ष्यभन्दा पनि माथि काम भए पनि दुई महिनायता आयोजनाको सबै काम रोकिएको छ । लकडाउन नखुलेसम्म काम शुरु हुने अवस्था छैन । यसबाट हाम्रो लक्ष्य घट्ने भयो”, इञ्जीनियर दासले भन्नुभयो । प्रशोधन केन्द्र र पाइप लाइन विस्तार गरी दुई खण्डमा आयोजनाको काम अघि बढेको थियो ।

उहाँका अनुसार पोखरावासीले पिउने पानीको प्रमुख स्रोत रहेको मर्दीखोलाको पानी शुद्धीकरणका लागि मुहान नजिक दैनिक चार करोड लिटर क्षमताका बालुवा हटाउने ट्याङ्की निर्माण गरिनेछ । मुहान नजिक ग्रिड च्याम्बर र पानी थिग्र्याउने (सेडिमेन्टेशन ट्याङ्क) को काम शुरु भएलगत्तै काम रोकिएकाले यसमा खासै प्रगति हुन नसकेको बताइन्छ ।

ग्रिड च्याम्बरबाट शुद्धीकरण गरिएको पानीलाई पुरुनचौरमा थप शुद्धीकरणका र प्रशोधन गरिनेछ । चार करोड लिटरकै चार पानी थिग्र्याउने ट्याङ्की तथा छ पानी छान्ने फिल्टर, दुई सफा पानी सङ्कलन गर्ने ट्याङ्की (स्लोस स्याण्ड फिल्टर) र क्लोरिनेसन प्लान्ट निर्माणको काम भइरहेको छ । स्लोस एण्ड फिल्टरको ६० प्रतिशत काम सम्पन्न भएको इञ्जीनियर दासले जानकारी दिनुभयो ।

पोखरामा हाल आपूर्ति भइरहेको पानी बिनाप्रशोधन उपभोक्ताको घरसम्म पुग्ने गरेकामा आयोजना सम्पन्न भएपछि धारामा शुद्ध पिउने पानी आपूर्ति हुनेछ । बर्खायाममा नदीमा बाढी आउँदा पोखरामा आउने पानीसमेत दूषित हुने गरेको छ । बजारमा आपूर्ति हुने खानेपानी भण्डारण गर्न २० लाख लिटर क्षमता तीन पानीट्याङ्की पोखराको फूलबारी, प्रस्याङ र कोलपाटनमा निर्माण गरी त्यसमार्फत बजारका विभिन्न भागमा वितरण गर्ने योजनाअनुसार काम भइरहेको छ ।

फूलबारीमा निर्माण गर्न लागिएको अन्डरग्राउन्ड ट्याङ्कीको हालसम्म ८० प्रतिशत तथा कोलपाटनको ओभरहेड ट्याङ्कीको २० प्रतिशत काम सकिएको छ । प्रस्याङमा फाउन्डेशनको काम शुरुभएसँगै रोकिएको थियो । बजारमा कूल ९६ किमी पाइपलाइन विस्तार योजनाअन्तर्गत एक वर्षको अवधिमा १४ किमी पाइप जडान गरिसकिएको बताइन्छ । जापान सरकारको रु चार अर्ब ८१ करोड ३० लाख अनुदान सहयोगमा सन् २०१७ को फेब्रुअरी १५ मा सो आयोजनासम्बन्धी सम्झौता भएको थियो । सन् २०२२ को अन्त्यसम्ममा निर्माण गरी सक्ने गरी खानेपानी सुधार आयोजना अघि बढेको हो ।

आयोजना निर्माणपछि पाइपलाइनमा पानीको चापमा सुधार भइ पानी चुहावट नियन्त्रण भइ आपूर्तिमा सुधार भएर महानगरको १ देखि १९ वडाका चार लाख पाँच हजार ८८९ जनसङ्ख्या लाभान्वित हुने अपेक्षा गरिएको छ । रासस

# अधिकांश उद्योगीले चैत महिनाको पारिश्रमिक दिएनन्

काठमाण्डु । कोभिड-१९ सङ्क्रमणको जोखिम कम गर्न सरकारले लकडाउनको घोषणा गरेको अवस्थामा गत चैत महिनाको पूरा पारिश्रमिक उपलब्ध गराउने प्रतिबद्धता गरेका अधिकांश उद्योगी व्यवसायी आफ्ने प्रतिबद्धताबाट पछि हटेका छन् ।

नेपाल ट्रेड युनियन महासङ्घ (जिफन्ट) ले कोभिड-१९ का कारण श्रमिकमा परेको समस्याको सम्बन्धमा गरेको द्रुत सर्वेक्षणले ‘ लकडाउन’ शुरु भएपछि ठूलो सङ्ख्यामा श्रमिकले पारिश्रमिक नपाएको देखिएको छ । गत चैत महिनामा ४२ दशमलव १ प्रतिशत प्रतिष्ठानले श्रमिकलाई पारिश्रमिक उपलब्ध नगराएको सर्वेक्षणमा उल्लेख छ । यसैगरी चैतमा पारिश्रमिक दिएका प्रतिष्ठानमध्ये आधाले समेत गत वैशाखमा पारिश्रमिक नदिएको देखिएको छ ।

सो द्रुत सर्वेक्षणमा विराटनगरदेखि कैलालीसम्मका उद्योग, होटल, निर्माण कम्पनी, निजी विद्यालय, टेक्सटाइल तथा गार्मेन्टदेखि स्वास्थ्य संस्थासम्म गरी मुलुकका ३२३ प्रतिष्ठानलाई समेटिएको थियो । सर्वेक्षण अनुसार चैत महिनामा ३१ दशमलव ५७ प्रतिशत प्रतिष्ठानले मात्र श्रमिकलाई पूरा पारिश्रमिक दिएको देखिएको छ । ७ दशमलव ४३ प्रतिशतले आंशिक भुक्तानी गरेका छन् भने १८ दशमलव ८८ प्रतिशतले पेश्कीका रूपमा पारिश्रमिक उपलब्ध गराएको देखिएको हो । यसरी दिइएको पेश्की रकम पारिश्रमिकभन्दा कमसमेत हुने गरेको छ ।

यसरी पारिश्रमिक नदिइएका प्रतिष्ठानमध्ये धेरैजसोमा युनियनसँगको छलफलपछि दिने, बजेटपश्चात् मात्र विचार गर्ने, कुनैले आधा मात्र पारिश्रमिक दिने वा पारिश्रमिक घटाएर मात्र भुक्तान गर्ने जनाएको सर्वेक्षणमा सहभागीले जानकारी दिएका छन् । केही प्रतिष्ठानले भने उद्योग कहिले सञ्चालन हुन्छ, त्यसपछि मात्र दिन सकिने वा नसकिने वा कसरी दिने भन्ने टुङ्गोमा पुगे बताएको छ ।

**बहुसङ्ख्यक सामाजिक सुरक्षा कोषमा सूचीकृत छैनन्**

सर्वेक्षणमा संलग्न उद्योग, प्रतिष्ठानमध्ये बहुसङ्ख्यक प्रतिष्ठान सामाजिक सुरक्षा कोषमा सूचीकरण नभएको देखिएको छ । प्रतिष्ठानको नाममात्र सूचीकरण गर्नेहरू ४९ दशमलव २२ प्रतिशत रहेका छन् ।

तीमध्ये २१ दशमलव ३६ प्रतिशतले श्रमिकलाई समेत सामाजिक सुरक्षा कोषमा सूचीकरण गराएको देखिएको छ । रोजगारदाताको सूचीकरण, श्रमिकको सूचीकरण गरी कोषमा योगदान शुरु गर्ने प्रतिष्ठानको सङ्ख्या १० दशमलव ५२ प्रतिशत मात्र रहेको जनाइएको छ ।रासस


# गर्मीका कपडा बनाउन व्यस्त गार्मेन्ट उद्योग

बाँके । यति बेला नेपालगञ्जका गार्मेन्ट उद्योगलाई गर्मीयाममा लगाइने कपडा उत्पादन गर्ने चटारो छ । टिसर्ट, हाफपाइन्ट, पाइन्टलगायत गर्मी मौसमका कपडा बनाउन उद्योगका मजदूर रातदिन व्यस्त छन् ।

“अहिले उत्पादन शुरु गर्‍यौँ भने गर्मी बढेसँगै ग्राहकसम्म कपडा पुग्छ । त्यसैले गर्मीमा लगाउने कपडा तयार गर्दै छौँ”, कमल गार्मेन्ट उद्योगका सञ्चालक टङ्कसिंह धामीले भन्नुभयो ।

यहाँ सानाठूला गरी दुई दर्जनभन्दा बढी गार्मेन्ट उद्योग सञ्चालनमा छन् । गार्मेन्ट उद्योगको ठूलो बजार भएकाले यहाँ उत्पादन भएका कपडा प्रदेश नं ५ का पहाडी जिल्ला, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशसम्म बिक्री हुने गरेको छ ।

# लकडाउनको मारमा तरकारी किसान



मलगंवा । जिल्लाको हरिवन नगरपालिका-४ सासापुर तीनघरेका एक दम्पतीले जग्गा भाडामा लिएर तरकारी खेती गरेका छन् ।

हरिवन नगरपालिका-४ सासापुर तीनघरेका रामकुमार भुजेल र सम्झना भुजेलले पाँच बिघा जग्गा भाडामा लिएर तरकारी खेती गरेका हुन् । ती जग्गाको वार्षिक रु तीन लाख भाडा तिर्ने गरी सम्झौता भएको छ । तर उत्पादन गरेको तरकारीले बजार नपाउँदा उनीहरू समस्यामा परेका छन् ।

तीन बिघामा लगाएको भिन्डी, फर्सी, घिरौला, लौका र दुई बिघामा लगाएको परवल उत्पादन भए पनि बिक्री गर्न नपाउँदा समस्यामा परेको उनीहरूले गुनासो गरेका छन् । तरकारी उत्पादनको मुख्य सिजनमै लकडाउन भएपछि तरकारी बेच्न नपाएको रामकुमारको गुनासो छ । “तरकारी उत्पादन भयो तर बजार पाएन, लकडाउन भयो, बिक्री वितरण गर्न नपाएपछि १५ कठ्ठामा लगाएको भिन्डी ट्र्याक्टर लगाएर जोतेँ”, भुजेलले भन्नुभयो, “प्रतिकिलो रु पाँचमा समेत बिक्री नभएपछि आफूले बाध्य भएर जोतेको छु ।” विभिन्न ठाउँका व्यापारीले तरकारीका लागि सम्पर्क गरे पनि लकडाउनले गर्दा कोही पनि आउन वा कहीँ पनि पठाउन नपाएको रामकुमारको भनाइ छ ।

ज्यालामा मान्छे लगाएर निकै मेहेनत गरी पाँच बिघामा फलाएको तरकारी बिक्री नहुँदा ठूलो नोक्सानी व्यहोर्नुपरेको रामकुमारकी श्रीमती सम्झना भुजेलले गुनासो गर्नुभयो ।

डिग्री पास गरेर कृषिकर्ममा लागेका भुजेल दम्पतीले कोभिड-१९ को विरुद्ध देशभर लगाइएको लकडाउनले गर्दा तरकारी बिक्री नहुँदा मर्कामा परेको भन्दै स्थानीय सरकारसँग सहयोगको मागसमेत गरेका छन् । उनीहरूले आफ्नो खेतबारीमा उत्पादित तरकारी बिक्री वितरण गरेर घर व्यवहार चलाउने गरेका थिए । कोरोना भाइरस सङ्क्रमण नियन्त्रण तथा रोकथामका लागि सरकारले गरेको लकडाउनका कारण सर्लाही जिल्लाका तरकारी उत्पादक किसान मारमा परेका छन् । किसानले उत्पादन गरेको तरकारी बजारमा बिक्री गर्न नपाउँदा बारीमा नै कुहिएर जाने गरेको छ ।

सबैतिरका बजार बन्द, आवतजावत तथा तरकारी ढुवानीको समस्या भएपछि तरकारी बारीमै कुहिन थालेको कृषकको दुखेसो छ । तरकारीको मुख्य सिजनको समयमा किसानले बिक्रीका लागि तयार भएको बन्दा फर्सीलगायतका तरकारी यतिबेला बजारमा ढुवानी गर्न सकिरहेका छैनन् ।

लकडाउनका कारण जिल्लाका अधिकांश साप्ताहिक हाटबजार लाग्न छाडेका छन् भने बाहिर पठाउन सवारी साधन सञ्चालन नहुँदा खेतबारीमै तरकारी कुहिन थालेका किसानले गुनासो गरेका छन् ।

कोरोना सङ्क्रमण फैलिने डरले गाउँघरका हाटबजारमा मानिसको चहलपहल बन्द हुँदा उत्पादित तरकारी खेतबारीमै सुक्न थालेको छ । उत्पादन भएका तरकारी बजारसम्म पुर्‍याउने साधनको अभाव, बाहिरका व्यापारी खेतबारीमा नआउनेलगायतका समस्याका कारण तरकारी उत्पादक किसान मारमा परेका हुन् । उत्पादन गरेको तरकारीहरू खेतबारीमै कुहिन थालेपछि तरकारी खेतीबाट जीविका चलाइरहेका कविलासी नगरपालिका-९ सलेमपुरका किसान जोगी महतोले घरपरिवार चलाउन समस्या शुरु भएको बताएका छन् । उत्पादित तरकारी बिक्रीका लागि बजारसम्म लान नसकेकाले पशुचौपायालाई खुवाउनुपरेको तरकारी उत्पादक किसान महतोले बताएका छन् । साहुसँग केही पैसा ब्याजमा लिएर शुरु गरेको तरकारी खेतीबाट आम्दानी हुनुको साटो साहुको ब्याज तिर्नसमेत नसक्ने अवस्था सिर्जना भएको सलेमपुरकै अर्का तरकारी उत्पादक किसान ठगा रायले गुनासो छ ।

व्यावसायिकरूपमा लगाएको तरकारी बाली जिल्ला सदरमुकामलगायत जिल्लाभन्दा बाहिर व्यापारीलाई सम्पर्क गरेर पठाउने गरेको भए पनि लकडाउनका कारण व्यापार व्यवसाय पनि बन्द र ढुवानी गर्ने सवारी साधन पनि बन्द हुँदा किसानले उत्पादन गरेको तरकारी त्यसै खेर गएको छ ।

बजार बन्द भएपछि बोडी, लौका, भिन्डी, घिरौला, रामभिङ्गनी, भान्टा, काँक्रो, करेला, विभिन्न किसिमका हरिया सागका साथै हरियो खुर्सानी, टमाटरलगायतका तरकारी बाली बारीमै कुहिन थालेको छ । तरकारी उत्पादनको सिजनमा लकडाउन भएका कारण बीउबिजन तथा मलखाद ल्याउन नसकिएको भन्दै व्यापारीले पनि चर्को शुल्क असुल्ने गरेका हरिवननगरपालिका-२ का तरकारी उत्पादक किसान रामपुकार महतोले बताउनुभयो । तरकारी उत्पादनबाट जीविका चलाउने किसानले उत्पादित तरकारी बिक्री वितरण गर्न नपाएपछि घर खर्च टार्नसमेत समस्या हुन थालेको कृषकको गुनासो छ ।

दिनरात मेहेनत गरेर उत्पादन गरेको तरकारी बिक्री नभएपछि सस्तोमा दिनुपर्ने र पशुचौपायालाई खुवाउनुपर्ने किसानको गुनासो छ । कहिलेकाहीँ केही व्यापारी खेतबारीमा आएर तरकारी लगिहाले पनि उत्पादन धेरै भएको र माग थोरै भएपछि व्यावसायिकरूपमा तरकारी खेती गर्ने किसान थप समस्यामा परेका कृषि ज्ञान केन्द्र सर्लाहीले जनाएको छ ।रासस

# महामारीबाट मुक्त भइ अर्थतन्त्र चलायमान बनाउने विश्वास

पोखरा । गण्डकी प्रदेश सरकारले महामारीका रूपमा फैलिएको कोरोना भाइरसको महामारीबाट मुक्त हुँदै अर्थतन्त्रलाई चलायमान बनाउने नीति लिएको छ । गण्डकी प्रदेशसभाको आजको बैठकमा विनियोजन विधेयक २०७७/७८ का सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्दै आर्थिक मामिला तथा योजनामन्त्री किरण गुरुङले कोरोना भाइरसका कारण अर्थतन्त्रमा नकारात्मक असर परेकाले आगामी बजेट विगतको भन्दा फरक ढङ्गले आउने बताउनुभयो ।

कोरोना भाइरसको प्रभाव र असरलाई वस्तुगत विश्लेषण गर्दै आगामी बजेट आउने उल्लेख गर्दै उहाँले सङ्घ, प्रदेश र स्थानीय तहको सामूहिक प्रयासबाट यसको प्रभावकारी रोकथाम र नियन्त्रणमा सफलता हासिल गर्न सकिने बताउनुभयो । मन्त्री गुरुङले कोरोना भाइरसले प्रभावित राष्ट्रिय अर्थतन्त्रलाई बचाउँदै पुरानै अवस्थामा फर्काउनुपर्ने असामान्य अवस्थालाई दृष्टिगत गरी बजेट तथा कार्यक्रम ल्याइने जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “उपलब्ध साधन स्रोतको न्यायोचित वितरण, समावेशी विकासमार्फत आर्थिक, सामाजिक असमानताको अन्त्य गर्दै समाजवादोन्मुख आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने सिद्धान्तमा आधारित भइ आगामी आवको बजेट तथा कार्यक्रम ल्याइने छ ।” अर्थतन्त्रका समग्र क्षेत्रका सम्बन्धलाई अग्रपृष्ठ सम्बन्ध कायम गर्दै वर्तमान अर्थतन्त्रलाई चलायमान बनाइने उहाँले बताउनुभयो ।

मन्त्री गुरुङले सार्वजनिक खर्चलाई वित्तीय पारदर्शिता, मितव्ययीता र उत्तरदायित्वलाई कडाइका साथ पालना गराउँदै आर्थिक अनुशासन एवं वित्तीय सुशासन कायम गर्ने दिशामा आगामी बजेट तथा कार्यक्रम केन्द्रित हुने उल्लेख गर्नुभयो । स्वदेशी कच्चा पदार्थमा आधारित आन्तरिक उत्पादन बढाउने, आयात प्रतिस्थापन गर्ने, निर्यात

*कोरोना भाइरसको प्रभाव र असरलाई वस्तुगत विश्लेषण गर्दै आगामी बजेट आउने उल्लेख गर्दै उहाँले सङ्घ, प्रदेश र स्थानीय तहको सामूहिक प्रयासबाट यसको प्रभावकारी रोकथाम र नियन्त्रणमा सफलता हासिल गर्न सकिने बताउनुभयो । मन्त्री गुरुङले कोरोना भाइरसले प्रभावित राष्ट्रिय अर्थतन्त्रलाई बचाउँदै पुरानै अवस्थामा फर्काउनुपर्ने असामान्य अवस्थालाई दृष्टिगत गरी बजेट तथा कार्यक्रम ल्याइने जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “उपलब्ध साधन स्रोतको न्यायोचित वितरण, समावेशी विकासमार्फत आर्थिक, सामाजिक असमानताको अन्त्य गर्दै समाजवादोन्मुख आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने सिद्धान्तमा आधारित भइ आगामी आवको बजेट तथा कार्यक्रम ल्याइने छ ।”*

बढाउने, स्वरोजगार तथा रोजगारी सिर्जना गरी गरिबी निवारणमा सहयोग पुर्‍याउने कार्यक्रमलाई अघि बढाउने सरकारको योजना छ । कोरोनाका कारण बन्दाबन्दीले रोकिएका निर्माणाधीन पूर्वाधार विकासका कार्यक्रम र चालू आवका महत्वपूर्ण रोकिएका विकास विकास निर्माणलाई आगामी आर्थिक वर्षमा निरन्तरता दिइने उल्लेख गर्दै मन्त्री गुरुङले प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना र दिगो विकास लक्ष्य, मध्यकालीन खर्च संरचना एवं नीति तथा कार्यक्रमअनुसार आगामी आवको नीति तथा कार्यक्रम ल्याइने बताउनुभयो ।

सङ्घीय सरकारको पन्ध्रौँ पञ्चवर्षीय योजना एवं दिगो विकासको लक्ष्यसँग आगामी आवको बजेट तथा कार्यक्रमको तादात्म्यता मिलाइने उहाँले बताउनुभयो । कोरोना भाइरसको रोकथाम र नियन्त्रणका कार्यक्रमलाई प्रभावकारी बनाइने उल्लेख गर्दै उहाँले क्वारेन्टिनको गुणस्तरीयता एवं क्षमता विस्तारका साथै सङ्क्रमितको उपचारलाई प्रभावकारी बनाउने बताउनुभयो ।

मन्त्री गुरुङले जिल्ला अस्पतालमा क्षमता विस्तार गरी सघन उपचारकक्षको व्यवस्थाका साथै पर्याप्त पिसीआर परीक्षणको व्यवस्था गराइने, महामारीका कारणबाट रोजगार गुमाएका व्यक्तिका लागि स्वरोजगार तथा रोजगारी व्यवस्था गरिने, प्रशासनिक खर्चमा कटौती गरिने, प्रदेश सरकारको स्वीकृत दरबन्दीभन्दा बढी व्ययभार नहुने गरी प्रशासनिक संरचना खडा गरिने उल्लेख गर्दै पर्यटन क्षेत्र, यातायात कृषि, लघु, घरेलु तथा ठूला उद्योग व्यवसायीको वर्गीकरण जीवन्तता प्रदान गर्न बजेट विनियोजन गरिने गरी यस क्षेत्रमा विभिन्न कार्यक्रम ल्याइने बताउनुभयो ।

भौतिक पूर्वाधार विकासका लागि प्रदेश गौरवका आयोजना, एक निर्वाचन क्षेत्र एक सडक, स्थानीय तहको केन्द्र र जिल्लालाई जोड्ने सडक, रणनीतिक महत्वका सडक विस्तारलाई निरन्तरता दिइने उल्लेख गर्दै उहाँले बृहत पोखरा चक्रपथ, प्रदेश बसपार्क र मेट्रो बसपार्कको सम्भाव्यता अध्ययन र निर्माण कार्यक्रमलाई निरन्तरता दिइनेमा जोड दिनुभयो ।

मन्त्री गुरुङले अघिल्लो आर्थिक वर्षमा निर्माणको प्रक्रियामा रहेका सडक, मोटरेबल पुल निर्माण प्रक्रिया अघि बढाइने बताउँदै सबै घरधुरीमा आधार भूत खानेपानी, स्वच्छ पिउने पानीअन्तर्गत एक घर एक धारा, गण्डकी प्रदेश उज्यालो कार्यक्रम, नवीकरणीय ऊर्जा कार्यक्रम, साना तथा ठूला सिँचाइ आयोजना, भूमिगत जलउपयोग आयोजना, नदी नियन्त्रण कार्यक्रमलाई निरन्तरता दिइने जानकारी दिनुभयो ।

सवारी साधनको रुट प्रणाली र सवारी चालक अनुमतिपत्रलाई व्यवस्थित बनाइने उल्लेख गर्दै उहाँले प्रदेश प्रयोगशाला र मातहतका प्रयोगशालाको सेवालाई प्रभावकारी बनाउन आवश्यक उपकरण जडान गरिने बताउनुभयो । रासस


# Kamala Municipality

## Office of the Municipal Executive

Machi Jhitkahiya ,Dhanusha

## Invitation for Bids

**Bid Publication date: 2077-02-15(BS)**

1. The Kamala municipality,Office of municipal executive,Machi Jhitkahiya,Dhanusha invites Bids from eligible Suppliers for the construction works as mentioned in the table below.
2. Eligible Bidders can obtain further information and inspect the Bidding Documents at the office of Kamala municipality,Office of municipal executive,Machi Jhitkahiya,Dhanusha or may visit PPMO website www.bolpatra.gov.np.
3. Bidder who submit their bid electronically can download the bidding documents for e-submission from PPMO's e-GP i.e www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account
   Name of the Bank: NIC Asia Bank Name of Office: Kamala Municipality
   Office Code no. :17-365-31 Office Account no.: N2CA000907552403
   Rajaswa (revenue) Shirshak no. : 14229
4. Sealed bids must be submitted to the e-GP system i.ewww.bopatra.gov.np/egpon or before **12:00 noon on 2077-03-14**. Bids received after this deadline will be rejected.
5. The bidswill be opened in the presence of Bidders' representatives who choose to attend at **14:00 on 2077-03-14** at the office of Municipal Executive, Kamala Municipality, Dhanusha. Bids validity period and bid security amount should be as mentioned in Bid documents. If bidder wishes to submit the Cash Security, the cash should be deposited in the following Account :
   Name of the Bank: NIC Asia Bank Name of Office: Kamala Municipality
   Office Code no. :17-365-31 Office Account no.: N2CA000907552402 (Dharauti khata)
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| S.N. | Contract Identificaiton No. | Description of Works | Bid Security | Bid Price | Remarks |
| --- | --- | --- | --- | --- | --- |
| 1 | KM/ Works/04/076-77 | Construction of Ram Janaki Trail bridge | 1025000 | 5000 | |

# रौतहटमा संक्रमितको संख्या १०५

**राकेश यादव**

गौर । रौतहटमा दिन दिने कोरोना भाइरस कोभीड् १९ को संक्रमित व्यक्तिको संख्या थपिदै गएकोले जिल्लाको स्थिति भयावह हुने संकेत देखिएको छ । भारतको विभिन्न ठाउँबाट नेपाल भित्रिने क्रम जारी रहेकोले संक्रमितको संख्यामा बृद्धि भएको हो ।



नेपाल भारत विचको खुल्ला सिमानाको कारण चोर बाटो भएर फर्किएका व्यक्तिहरुमा कोभिड-१९ को संक्रमण देखिएको छ । भारतको मुंबई ,दिल्ली ,कलकत्ता ,गुजरात लगायतका विभिन्न ठाउँमा श्रम गर्न गएका नेपालीहरु अहिले भारतले लकडाउन खुकुलो गरेपछि रौतहटमा संक्रमणको संख्यामा एक एक बृद्धि हुन थालेको हो ।

मंगलवार र बुधबार गरी दुइ दिनमा ५७ जनामा कोरोना पोजेटिभ भेटिए पछि रौतहटमा संक्रमितको संख्या १०५ पुगेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । मंगलवार २२ र बुधबार ३५ जनामा संक्रमण पुस्टि भएको छ । ३ जना भने उपचार पछि घर फर्किएको जनाइएको छ ।

संक्रमण बढ्दे गएपनि बाहिरबाट आएका संकास्पद व्यक्तिहरुलाई बस्नको लागि विभिन्न स्थानीय तहमा बनाइएको क्वारेंटाइनको अव्यवस्थित व्यवस्थापनले संक्रमणको जोखिम उच्च बनाएको छ ।

निर्धारित बेड संख्या भन्दा दोब्बर व्यक्ति कोचिएको कारण सामाजिक दुरीको उल्लंघन भएकोले संक्रमण बढ्ने खतरा भएको छ । गौर नगरपालिका अंतर्गत रहेको जुद्ध माध्यमिक विद्यालयमा करिव ३ सयको संख्या मा क्वारेंटाइनमा व्यक्ति बसेका छन ।

गौरमा बसेका मध्येबाट १६ जनामा पोजेटिभ पुष्टि भएको छ। आफन्तहरुको भेटघाट गर्न मेला जस्ते भीड़ लाग्ने गरेको पाइएको छ। खाना स्तरीय नभएको र सुत्ने व्यवस्था समेत नभएको गुनासो बसनेहरुको रहेको छ ।

कोरोनाको नियंत्रण गर्न को लागि कमतीमा ३ फिटको दुरी व्यवस्थापन गर्नु पर्ने भनी रहदा क्वारेंटाइनमा बसनेहरुलाई त्रिपाल विछाएर टाँसिएर सुत्नु पर्ने ,एउटे हैंडपाइपको पानी खानु पर्ने बाध्यता रहेको छ । राजदेवी नगरपालिकाका वड़ा नम्बर ७ मुड़वालबा स्थित नेमधारी बासुदेव नमूना माध्यमिक विद्यालयमा निर्माण गरिएको ५० बेडको कोरेन्टाइनमा १०० जना रहेका छन ।

एक जनाको भनाइ अनुसार खाना राम्रो नभएको र समयमा उपलब्ध न गराउन सक्ने अवस्था रहेको छ । हाथ धुनलाइ हैंडवास ,सैनिटाइजर पनि आफ्नो घरबाट मगाउनु पर्ने द्धुखेसो बस्नेको रहेको छ। रौतहटको १८ स्थानीय तह मध्ये १२ वटा स्थानीय तहमा कोरोनाको संक्रमण फैली सकेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। मुस्लिम समुदायको बसोबास भएको स्थानीय तह राजपुर नगरपालिकामा सबे भन्दा बढ़ी संक्रमित फेला परेको छ ।

राजपुरमा ३० , ईशनाथ नगरपालिकामा २८ , गौर नगरपालिकामा १६ , देवाही गोनाही नगरपालिकामा १४ , गढ़ीमाई नगरपालिकामा ७ , कटहरिया नगरपालिका मा २ , गरुडा , राजदेवी , फतुवा विजयपुर , बृन्दाबन , गुजरामा एक एक जना संक्रमित पुस्टि भएको छ ।

चंद्रपुर , मौलापुर , बौधिमाई , परोहा नगरपालिका , दुर्गाभगवती गाउँपालिका र यमुनामाई गाउँपालिकामा अहिले सम्म पोजेटिभ पुष्टि भएको छैन। ३८ ठाउमा बनाइएको क्वारेंटाइनमा बसनेको संख्या ३ हजार १ सय ७४ रहेको छ।

पुष्टि भएका संक्रमितहरुलाई राजपुर र गौर नगरपालिका स्थित गौर नर्सिंग क्याम्पसमा बनाइएको आइसोलेशन कक्षमा राखेर उपचार भैरहेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

# बजेट भाषण आज

**टुडे समाचारदाता**

काठमाण्डु । आगामी आर्थिक वर्ष २०७७/७८ को राजश्व र आयको विवरण (बजेट भाषण) सङ्घीय संसद् को दुवै सदनको संयुक्त बैठकमा बिहीबार अपराह्न ४ बजे प्रस्तुत हुने भएको छ ।

नेपालको संविधानबमोजिम हरेक जेठ १५ गते सरकारले संसद्मा वार्षिक बजेट प्रस्तुत गर्नुपर्ने व्यवस्था छ । प्रतिनिधिसभाको बुधबारको बैठकमा सभामुख अग्निप्रसाद सापकोटाले बैठकका लागि दिउँसो ३:४५ बजेअगावै उपस्थित भइसक्न सबै सदस्यलाई आग्रह गरे । बैठकमा सभामुख सापकोटाले सार्थक वार्ता र संवादका लागि सुझाव र अध्ययनका लागि गत साउन २० मा गठित कार्यदलको अवधि संसद् को चालू अधिवेशनसम्म कायम हुने गरी गरेको प्रस्ताव सर्वसम्मतिले पारित भएको थियो ।

# कोरोना बिरामीलाई अन्यत्र सार्न अस्पतालमा प्रदर्शन

**सिकेन्द्र पासवान**

कलैया । बाराको कलैया अस्पताललाई जेनरल अस्पताल संचालनको माँग गर्दै कलैया अस्पतालमा बुधबार प्रदर्शन गरिएको छ । जनता समाजवादी पार्टीका नेता अरुण सिंहको नेतृत्वमा रहेको दर्जनौ ब्यतिहरुले नारावाजी गर्दै प्रदर्शन गरेका छन् ।




जेष्ठ ४ गते जिल्ला प्रशासन कार्यालयमा भएको सम्झौता पालना गर, आइसोलेसनमा रहेका बिरामीहरुलाई नास्ता र खानाको राम्रो प्रवन्ध गर जस्ता नारा लगाएका थिए । प्रदेश सरकारले गंगापुरमा अस्थायी कोरोना अस्पताल संचालन गर्ने निर्णय गरिसकेको छ । संचालन गर्ने जिम्मा पाएका कलैया उपमहानगरपालिकाले गंगापुरमा बिरामी राख्ने सम्मको तयारी भईसकेको छ ।

तर, कलैया अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट बिरेन्द्र मण्डलले अस्पतालमा रहेका कोरोनाका बिरामीलाई गंगापुरमा नसारेको कारण आफुहरुलाई प्रदर्शन गर्नुपरेको नेता सिंहले बताए । लाखौ नागरिकलाई सेवा प्रदान गर्दै आएको कलैया अस्पतालमा जेनरल अस्पताल संचालन हुन नपाउदा प्रसुती सेवा लगायत अन्य सेवाहरुबाट बंचित भएको छ ।

चाडो कलैया अस्पतालमा रहेको बिरामीहरुलाई गंगापुरमा निर्माण गरिएको आइसोलेसनमा सार्न माँग गरिदे माँग पुरा नभए कडा संघर्षका कार्यक्रम ल्याउन बाध्य हुने उनले भने । जिल्ला प्रशासन कार्यालयमा जेष्ठ ४ गते कोभिड-१९ नियन्त्रणका लागि बिपत व्यवस्थापनको बैठकमा ३ दिनका लागि बिरामी कलैया अस्पतालमा राख्ने अनि चौथो दिन कलैया अस्पतालमा रहेको कोरोना बिरामीहरुलाई गंगापुरमा सार्ने निर्णय भएको थियो । प्रदर्शन कार्यक्रममा बिनोद साह, सुरेश केसरी, भरत प्रसाद केसरी, बिरेन्द्र साह, जगदिस प्रसाद केसरी, रंजित पटेल, संदीप मण्डल लगायतका सहभागिता रहेको थियो ।

# उपमहानगरले पीसीआर मेसिन खरिद गर्ने



**टुडे समाचारदाता**

जनकपुरधाम । कोरोना भाईरस संक्रमण परीक्षण गर्नको लागिजनकपुरधामउपमहानगरपालिकाले पीसीआर मेसिन खरिद गर्ने भएको छ । बुधबार बसेको विपद् व्यवस्थापन समतिको बैठकले कोरोना भाइरस परीक्षण गर्नको लागि पीसीआर मेसिन खरिद गर्ने निर्णय गरेको हो ।

समितिका अध्यक्ष समेत रहेका नगर प्रमुख लाल किशोर साहको अध्यक्षतामा बसेको बैठकले पीसीआर मेसिन खरिद, कर्मचारीलाई १०/१० लाखको विमा, देश बाहिरबाट आएकाहरुका लागि १४ देखि २१ दिन सम्म क्वारेन्टाइनमा राख्ने, आवश्यकता अनुसार थप क्वारेन्टाइन बनाउने, विद्यालय खोल्नु अगाडी सम्पूर्ण विद्यालयलाई स्यानिटाइज गरि मास्क उपलब्ध गराउने, कर्मचारीलाई जोखिम भत्ता दिने लगायतको निर्णय गरेको छ।

विपद्को बेलामा पनि कर्मचारीहरु समयमा आउने र कार्य सम्पादनलाई निरन्तरता दिएकोमा बैठकले उनीहरुलाई धन्यवाद ज्ञापन गरे ।

भोलीका दिनमा कर्मचारीहरुलाई केहि भयो भने उनका परिवारको सहारा को बन्ने ? यस्तो विपद्को वेलामा कर्मचारीहरुलाई कम्तिमा १०/१० लाखको विमा गरिदिने माग गरिएको थियो ।

जनकपुरधाम उप-महानगरपालिकाले अहिले गोपालधर्मशालामा क्वारेन्टाइन सञ्चालन गर्दै आई रहेको छ । वैठकमा उपस्थितहरुले क्वारेन्टाइन थप्नुपर्ने सुझाव समेत दिएका थिए । तर, जनकपुरधाम उप-महानगरपालिकाका मेयर लाल किशोर साहले आफै क्वारेन्टाइनको स्थान खोजि गर्दै छन् । उनले मंगलवार गणेश पार्टी पैलेसको अवलोकन गरेका थिए । त्यहा पनि राम्रो हुने बताइए पनि त्यो भन्दा पनि उपयुक्त स्थानको खोजि गर्दै छन् ।

भारतबाट नेपाल फर्किने क्रम बढ्दै गएपछि जनकपुरधाम उप-महानगरपालिकाले वडा वडामा क्वारेन्टाइनखोल्नेभएको छ। वडाहरुमा क्वारेन्टाइन र आफ्नै पीसिआर मेसिन भएपछि ठूलो संख्यामा क्वारेन्टाइन गर्ने भयावह स्थिति आउने भएकाले दुवै काम छिटो गर्नेभएको छ।

जटही नाकाबाट जेठ ४ गते ६१ जना, जेठ ५ गते ६९ जना, जेठ ६ गते ३६ जना, जेठ ७ गते ८१ ज्ना, जेठ ८ गते ६० जना, जेठ ९ गते २०७ जना, जेठ १० गते ११३ जना, जेठ ११ गते २०७ जना, जेठ १२ गते २८८ जना गरि जम्मा ११ सय २२ जनालाई नेपाल प्रवेश गराइएको छ ।

बुधबार एक जनाको मृत्यु पछि एक हजार भन्दा बढीको संख्यामा सर्वसाधारण नेपाल प्रवेश गरेको अनुमान गरिएको छ ।

# प्रदेश २ मा संक्रमित बढ्यो स्वाब संकलन घट्यो

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रदेश २ मा कोरोना भाइरस संक्रमितहरुको संख्या बढदे गएकोछ । तर स्वाब संकलन र टेस्टमा कमि आउन थालेकोछ ।

प्रदेश २ मा हाल सम्म १० हजार ५ सय ८९ स्वाब संकलन गरिएकोमा २ हजार ३ सय ५० को नतिजा आउन बाँकी नै रहेको समाजिक विकास मन्त्रालयले जनाएको छ । बुधवार कुल ७ सय ४३ स्वाब संकलन मात्र भएको मन्त्रालयले जनाएकोछ ।

प्रदेशमा हरेक दिन क्वारेन्टाइनको संख्या बढेको देखिन्छ । तर क्वारेन्टाइनमा मानिसहरु बस्न चाहिरहेका छैनन् । प्रदेश २ मा बुधवार सम्म ३ सय १ वटा क्वारेन्टाइनमा १३ हजार ४ सय २ जना रहेका छन् ।

यद्यपी बेड १६ हजार ९ सय १४ रहेकोछ । होम क्वारेन्टाइनमा ४ हजार ९ सय ३ जना छन् । आइसोलेशन बेड ६ सय ४५ मध्ये २ सय ३ जना रहेका छन् ।

आरडीटी विधि असफल रहेको भएपनि प्रदेशमा त्यसबाट पनि परीक्षण जारी छ । बुधवारपनि ४८ जनाको स्वाब परीक्षण भएकोछ ।हाल सम्म कुल आरडीटी ६ हजार २ सय ८७ भएको छ ।

प्रदेशमा किटको अभाव भएपछि स्वाब संकलनमा कमि आएको बताइएको छ । प्रदेशको ८ वटे जिल्लामा संक्रमितहरुको संख्या बढदे गएपनि टेस्टमा कमि आएकोछ ।

प्रदेशमा हाल सम्म ३ सय २४ जनामा कोरोना भाइरस संक्रमण देखिएको छ ।ती मध्ये १ जनाको ज्यान गएकोछ ।

कोरोना भाइरस संक्रमितहरुको प्रदेश २ मा सर्वाधिक संख्या रौतहट जिल्लामा देखिएकोछ ।हाल सम्म १ सय ६ जनामा कोरोना भाइरस पुष्टि भएकोछ ।

पर्सामा ९२, बारामा ४९, सर्लाहीमा ३४, सप्तरीमा १५, धनुषामा १२, सिरहामा ८ र महोत्तरीमा ६ जना कोरोना भाइरस संक्रमित फेला परेका छन् ।

पीसीआर विधिबाट परीक्षणका लागि हाल सम्म सर्वाधिक स्वाब संकलन पर्सा जिल्लामा ३ हजार ५५, धनुषामा १ हजार २, रौतहटमा १ हजार ८ सय १२, सिरहा १ हजार ६६, सप्तरीमा ८ सय ९०, बारामा ८ सय ४७, सर्लाहीमा ६ सय १८ र महोत्तरीमा ३ सय २७ रहेका छन् ।

बढी टेस्ट भएका जिल्लाहरुमा संक्रमितको संख्यापनि बढी फेला देखिएको छ ।सबै भन्दा कम टेस्ट महोत्तरी जिल्लामा भएकोछ ।

# रक्सौलको क्वारेन्टाइनमा रहेका नेपाली स्वदेश फर्किदै

**टुडे समाचारदाता**

वीरगञ्ज । लकडाउनका कारण लामो समयदेखि सीमावर्ती भारतीय सहर रक्सौलको क्वारेन्टाइनमा रहेका नेपाली स्वदेश फर्किन थालेका छन् ।



बुधबार बिहान पहिलो लटमा १ सय १ जना नेपाल भित्रिएको जिल्ला प्रशासन कार्यालय पर्साले जनाएको छ ।

मुख्य नाकामा सुरक्षाकर्मीले उच्च सतर्कतासाथ उनीहरूको विवरण लिएका थिए । स्वास्थ्यकर्मीले तापक्रम जाँचेका थिए । शंकराचार्य गेटनजिकै बनाइएको टेन्टमा खाने पानी, बिस्कुट र मास्कको व्यवस्था गरिएको थियो । रक्सौलका क्वारेन्टाइनमा भारतका विभिन्न राज्यमा रोजगारी, तीर्थाटनका लागि गएका २५ जिल्लाका करिब ४ सय नेपाली छन् ।

त्यहाँका हजारीमल विद्यालयमा बनाइएको क्वारेन्टाइनमा रहेका नेपालीलाई बुधबार वीरगन्ज नाकाबाट स्वदेश भित्र्याइएको सहायक प्रमुख जिल्ला अधिकारी ललितकुमार बस्नेतले जनाए ।

'बिहान पहिलो लटमा १ सय १ जना नेपाली भित्रिएका छन्,' उनले भने, 'रक्सौलमा ३ सय ५० देखि ४ सय नेपाली क्वारेन्टाइनमा छन् । उनीहरूलाई पनि स्वेदश फर्काउने योजना छ ।'

आज आउनेमा पश्चिम रुकुमका २३ र दाङका २१ जना पनि छन् । उनीहरूलाई सम्बन्धित जिल्लाले नै सवारीसाधनको व्यवस्था गरिदिएकाले आजै पठाइँदै छ । रुकुम र दाङका बासिन्दालाई जिल्ला पुगेपछि अनिवार्य क्वारेन्टाइनमा बस्न सहायक प्रजिअ बस्नेतले सुझाव दिए ।

नजिकैका जिल्लाकालाई सम्बन्धित प्रशासनको जिम्मा लगाइने र अन्यलाई वीरगन्जकै क्वारेन्टाइनमा राखिने उनले बताए ।

यसअघि जेठ ६ मा वीरगन्जमा रोकिएका २ सय १५ भारतीय नागरिकलाई भारतीय अधिकारीको जिम्मा लगाइएको थियो ।

स्थानीय प्रशासनले भारतीय नागरिकलाई स्वदेश फर्काएको भोलिपल्ट रक्सौलको क्वारेन्टाइनमा रहेका २ सय २२ नेपालीलाई स्वदेश ल्याउने कार्यक्रम रहेको जनाएको थियो ।

तर, भारतीय पक्षको आनाकानीका कारण ७ दिनपछि मात्र नेपाली नागरिक स्वदेश फर्किएका हुन् । उनीहरूले नेपाल फर्कन पाउनुपर्ने माग राखी रक्सौलमा नाराबाजी र विरोध प्रदर्शन गर्दै आएका थिए ।

# परवानीपुरमा राहत वितरण

**टुडे समाचारदाता**

कलैया । बाराको परवानीपुर गाउँपालिका वडा नम्बर ४ मा दोस्रो चरणको राहत बितरण गरिएको छ । वडा नम्बर ४ का वडाध्यक्ष पहलमा सो राहत प्रदान गरिएको छ ।

१५ किलो चामल, पिठो ५ किलो, १ किलो खानेतेल, नुन पाकेट, १ किलो चिनी बिपन्न, असहाय, गरिब, अति बिपन्न ज्यालादारीमा काम गर्नेहरुलाई सो राहत प्रदा गरिएको हो । युनिलिवरको सहयोगमा ८ सय पोकेट राहत प्रदान गरिएको थियो । सो कार्यक्रममा गाँउपालिकाका उपाअध्यक्ष साबित्री देवी, पुर्व गाबिस अध्यक्ष मुक्ति पटेल सहित बिभिन्न राजनितिक दलका प्रतिनिधी, समाजिक संघसंस्थाका प्रतिनिधी, बुद्धिजिवीहरुको सहभागिता रहेको थियो ।

नोबेल कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकी भन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

यसबाट बच्ने उत्तम उपायहरु :

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसंग हात धुने,
- अनावश्यकरुपमाा घर बाहिर र भिडभाडमाा नजाने,
- खोक्दा र हछ्युँ गर्दा नाक र मुख कुहिनोले छाप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगली तथा घरपालुवा पशुपन्छीसंगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने,
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्कीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

जनकपुर टुडे मिडिया ग्रुपको अपिल

नियमति रुपमा साबुन पानी तथा अल्कोहलयुक्त हेण्ड रबले हात धुने र सेनिटाइजर प्रयोग गर्ने ।

खोक्दा, हाँचिछउँ गर्दा नाक र मुख हात, रुमाल अथवा हातको कुहिनाको भागले छोप्ने ।

रुगाखोकी, ज्वरो तथा स्वास-प्रस्वासमा समस्या आए नजिकको स्वास्थ्य संस्थामा गएर चिकित्सक संग जाँच गराउने ।

अनावश्यक रुपमा आफ्नो नाक, मुख र आँखा नछुने, छुनु परे राम्ररी हात धोकेर मात्र छुने । मोबाईल फोन लगायत धेरै प्रयोग गर्ने बस्तु सफा राख्ने ।

रुगाखोकी लागेको व्यक्तिसंग दुरी कायम राख्ने, कुरा गर्नु परे १ मिटर टाढा बसेर गर्ने । अनावश्यक भिडभाडमा नजाने ।

माछा, मासु र अण्डा राम्ररी पकाएर खाने । जङ्गली तथा घरेलु पशुपंछीसँगको असुरक्षित सम्पर्कबाट जोगिने ।

जनहितमा जारी संदेश